# व्यवस्थापिका–संसद
# कृषि तथा जलस्रोत समिति
# बैठक संख्या र निर्णयको विवरण

| सि. नं | बैठक मिति र समय | बैठक संख्या | निर्णय |
|---|---|---|---|
| १ | २०७१।०२।१८ गते ( आईतवार)<br><br>समय : ०८:०० बजे<br><br>शुरु :<br><br>अन्त : | १ | १. आजको बैठकमा मा.सदस्यहरुले उखुको मूल्य निर्धारण तथा उखु नष्ट हुने अवस्था रहेको विषयमा गम्भीर रुपमा प्रश्न उठाउनु भएकोले सो सम्वन्धमा के भएको हो ? सो समस्या समाधानको लागि के पहल भईरहेको छ ? धानको बीउको वितरण र उपयोगमा पनि कुनै समस्या भए सो समेतको विवरण उपलब्ध गराउन कृषि विकास मंत्रालयलाई निर्देशन दिने निर्णय भयो।<br><br>२. तत्पश्चात आगामी बैठकमा सिचाई मन्त्रालयवाट भए गरेका कामको कार्यप्रगति विवरण र आगामी आ.व.को योजना कार्यक्रम वारे जानकारी लिने निर्णय भायो । |
| २ | २०७१।०२।२५ गते ( आईतवार)<br><br>समय : ०८:०० बजे<br><br>शुरु :<br><br>अन्त : | २ | आजको बैठकमा सिचाई मन्त्रालयवाट भए गरेका कामको कार्यप्रगति विवरण र आगामी आ.व.को कार्यक्रमामाननीय मन्त्री र सिचाई मन्त्रालयका सचिवले जानकारी दिनु भयो । |
| ३ | २०७१।०३।०१ गते ( आईतवार)<br><br>समय : ०८:०० बजे<br><br>शुरु :<br><br>अन्त : | ३ | १. आजको बैठकमा सिचाईमन्त्रालयवाट भए गरेका कामको कार्यप्रगति विवरण र आगामी आ.व.को कार्यक्रमकाविषयमा माननीयहरुले उठाउनु भएको प्रश्नमा माननीय मन्त्री र सिचाई मन्त्रालयका पदाधिकारीहरुले जानकारी दिनु भयो ।<br><br>२. तत्पश्चात आगामी बैठकमा कृषि विकास मंत्रालयवाट यस वर्षको कार्यक्रम, लक्ष्य र प्रगति तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम वारे जानकारी लिने निर्णय भयो । |
| ४ | २०७१।०३।१५ गते ( आईतवार)<br><br>समय : ०८:०० बजे<br><br>शुरु :<br><br>अन्त : | ४ | १. आजको बैठकमा कृषि विकास मन्त्रालयवाट भए गरेका कामको कार्यप्रगति विवरण र आगामी आ.व.को कार्यक्रमकाविषयमा छलफल भयो ।<br><br>२. आजकै बैठकमा कृषकहरुले उत्पादन गरेका कृषि उत्पादनमा किसानले न्यून मूल्य पाउने वीचको नाफा खाने विचौलियाहरुले बढी नाफा कमाउने गर्दा त्यही सामान उपभोक्ताहरुले बजारमा चर्को मूल्य तिर्नु पर्ने अवस्था रहेको पाइएकोले किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सरल मूल्यमा कृषि उत्पादनको उपभोग गर्न पाउने व्यवस्था मिलाउन र वीचमा बढी नाफा कमाई किसान र उपभोक्तालाई मारमा पार्ने प्रक्रियालाई नियन्त्रण गर्न प्रस्तावित रुपमा रहेको कृषि बजार विधेयक यथाशीघ्र व्यवस्थापिका–संसदमा पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो ।<br><br>३. समितिको आगामी बैठकमा उर्जा मंत्रालय वाट संचालित यस वर्षको कार्यक्रम, लक्ष्य र प्रगति तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र अन्तर्गत निकाय वारे जानकारी लिने निर्णय भयो । |
| ५ | २०७१।०४।०४ गते ( | ५ | १. आजको बैठकमा उर्जा मन्त्रालयवाट भए गरेका कामको कार्यप्रगति विवरण र आगामी आ.व.को कार्यक्रमका विषयमा माननीय सदस्यहरुले उठाउनु भएको प्रश्न वा जिज्ञासाको उत्तर माननीय |

| | | | |
|---|---|---|---|
| | आईतवार)<br><br>**समय :**<br>**०८:०० बजे**<br><br>**शुरु :**<br><br><br>**अन्त :** | | मन्त्री र उर्जा मन्त्रालयका पदाधिकारीहरुले दिनु भयो ।<br><br>२. व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिको प्रतिवेदन, २०६८ अन्तर्गत जलस्रोतको विकास सम्वन्धी प्रतिवेदनमा उल्लेखित सुझाव एवं निर्देशनको कार्यान्वयन सम्वन्धमा भएको प्रगति विवरण उर्जा मंत्रालय संग माग गर्ने निर्णय भयो ।<br><br>३. आगामी बैठकमा ५०० मे.वा र सो भन्दा माथिका जल विद्युत आयोजना र ठूला प्रशारण लाईनको सम्वन्धमा भएको कार्य प्रगतिको वारेमा लगानी वोर्ड सँग जानकारी लिने निर्णय भयो ।<br><br>४. आन्तरिक गृह कार्य गरी समितिमा छलफलको विषय वस्तु (एजेण्डा) तयार गर्ने प्रयोजनको लागि समितिको बैठक वस्ने सम्वन्धमा समेत सहमति भयो। |
| ६ | **२०७१।०४।११**<br>**गते (**<br>**आईतवार)**<br><br>**समय :**<br>**०८:०० बजे**<br><br>**शुरु :**<br><br><br>**अन्त :** | ६ | १. आजको बैठकमा ५०० मे.वा र सो भन्दा माथिका जलविद्युत आयोजना र ठूला प्रशारण लाइनको सम्वन्धमा भएको कार्य प्रगतिको वारेमा लगानी वोर्डका कार्यकारी निर्देशक र माननीय उर्जा मन्त्रीसँग जानकारी लिइयो । छलफलको क्रममा समितिले देहायको प्रस्ताव परित गऱ्यो :<br>"जल विद्युतमा आधारित उर्जा विकास नभई नेपालको आर्थिक विकासको लक्ष्य पूरा गर्न गाह्रो हुने र यसका लागि ठूलो मात्रामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु पर्ने हुन्छ । आयोजना विकास संझौता (PDA) नभई जलविद्युत क्षेत्रमा लगानी आकर्षित नहुने र आयोजना विकास संझौता सुनिश्चित गर्न भारत लगायत अन्य देशसँग विद्युत व्यापार सम्झौता (PTA) गर्नु जरुरी हुन्छ ।<br>नेपाल भारत विदेश मन्त्री स्तरीय वार्तामा विद्युत व्यापार सम्झौताका विषयलाई पर सारिएकोमा यस समितिको गम्भिर ध्यानाकर्षण भएको छ । देशको आवश्यकता र स्वार्थलाई ध्यानमा राख्दै विद्युत व्यापारमा हुने सर्वमान्य सिद्धान्त र नीतिका आधारमा नेपालको सर्वोपरि राष्ट्रिय हित सुनिश्चित हुने गरी भारत लगायत अन्य छिमेकी देशसँग तत्काल विद्युत व्यापार सम्झौता सम्पन्न गर्न यो समिति सरकारलाई निर्देशन गर्दछ ।"<br><br>२. समितिको आगामी बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयवाट संचालित गत आर्थिक वर्षको प्रगति तथा यस आर्थिक वर्षको योजना तथा कार्यक्रम र अन्तर्गत निकाय वारे जानकारी लिने कार्यक्रम तय गरियो । |
| ७ | **२०७१।०४।१८**<br>**गते (**<br>**आईतवार)**<br><br>**समय :**<br>**०८:०० बजे**<br><br>**शुरु :**<br><br><br>**अन्त :** | ७ | १. आजको बैठकमा भूमिसधार तथा व्यवस्था मन्त्रालयवाट भए गरेका कामको कार्यप्रगति विवरण र आगामी आ.व.को कार्यक्रमका विषयमा भूमिसधार तथा व्यवस्था मन्त्रालयका माननीय मन्त्री र पदाधिकारीहरुबाट जानकारी लिईयो ।<br><br>२. आजको बैठकमा देहायको प्रस्ताव पारित गर्ने निर्णय भयो"सिन्धुपाल्चोक जिल्लाको रामचे, मांखा टेकानपुर र धुस्कून समेतको बीच भागमा पर्ने अरनिको लोकमार्गको जुरेमा गएको पहिरोबाट भएको धनजनको क्षति प्रति यो समिति गहिरो दु:ख प्रकट गर्दै यो बैठक अकल्पनीय प्राकृतिक प्रकोपमा परी जीवन गुमाएकाहरु प्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्दछ र सोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछ । साथै सरकारले उक्त प्राकृतिक प्रकोपको सम्बन्धमा शिघ्रताशिघ्र उद्धार कार्य गर्न र विस्थापितहरुको राहत, पुनर्वास एवं उक्त क्षतिको न्यूनिकरणकालागि समेत आवश्यक सघन पहल गर्न नेपाल सरकारलाई निर्देश गर्दछ । यस्ता दुर्घटनाका संभाव्य स्थानहरुको पहिचानकालागि आवश्यक प्राविधिक परिचालन गरी क्षति न्यूनिकरण गर्न र स्थानीयलाई आवश्यक सचेत गर्ने कार्यमा समेत सरकारले समयमानै पहल गर्न सरकारको ध्यानाकर्षण गराइन्छ ।" । |
| ८ | **२०७१।०४।२७**<br>**गते (मंगलवार)**<br><br>**समय :**<br>**०८:०० बजे**<br><br>**शुरु :** | ८ | १. आजको बैठकमा समितिले आगामी योजना र कार्यक्रम तय गर्नकोलागि देहायको योजना र कार्यक्रम निर्माण उपसमिति माननीय प्रकाश शरण महतको संयोजकत्वमा गठन गर्ने र सो उप समितिले १० दिन भित्र योजना र कार्यक्रमको मस्यौदा सहितको प्रतिवेदन समितिमा पेश गर्ने निर्णय गऱ्यो ।<br><br>१. मा. श्री प्रकाश शरण महत **संयोजक** |

| | | | |
|---|---|---|---|
| | अन्त : | | २. मा. श्री आनन्द प्रसाद पोखरेल सदस्य<br>३. मा. श्री किरण यादव सदस्य<br>४. मा. श्री कृष्ण धिताल सदस्य<br>५. मा. श्री गगन कुमार थापा सदस्य<br>६. मा. श्री जमिन्द्रमान घले सदस्य<br>७. मा. श्री डिल्ली प्रसाद काफ्ले सदस्य<br>८. मा. श्री महालक्ष्मी उपाध्याय (डिना) सदस्य<br>९. मा. श्री लक्ष्मी कुमारी चौधरी सदस्य<br>१०. मा. श्री लक्ष्मी प्रसाद पोखरेल सदस्य<br>११. मा. श्री सीता नेपाली सदस्य<br><br>२. कृषि विकास मन्त्रालयसंग कृषि विकास रणनीतिको मस्यौदा माग्ने निर्णय गऱ्यो ।<br>३. आगामी बैठकमाPTA, PDA र प्रसारण लाईन सम्बन्धमा छलफल गर्ने निर्णय भयो ।<br>४. समितिको कार्यक्षेत्रका विषयमा सार्वजनिक लेखा समितिले जलविद्युत नीति र विद्युत खरिद सम्झौता वारे सम्वद्ध पक्ष बोलाई छलफल गरेकोमा सभामुखको ध्यानआकर्षण गराउने । |
| ९ | २०७१।०५।०३ गते (मंगलवार)<br><br>समय :<br>०८:०० बजे<br><br>शुरु :<br><br>अन्त : | ९ | १. आजको बैठकमा देहायको प्रस्ताव पारित गर्ने निर्णय भयो"विगत केही दिन यता भएको भारी वर्षाको कारण मुलुकको विभिन्न भागमा बाढी र पहिरोका कारण भएको धनजनको ठूलो क्षतिप्रति यो समिति गहिरो दुःख प्रकट गर्दै समितिको यो बैठक अकल्पनीय प्राकृतिक प्रकोपमा परी जीवन गुमाएकाहरु प्रति हार्दिक श्रद्धान्जलि व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ । साथै उक्त प्राकृतिक प्रकोपको सम्बन्धमा युध्दस्तरमा तात्कालीक रुपमा उद्धार कार्य गर्न र विस्थापितहरुको राहत, पुनर्वास एवं क्षतिको न्यूनीकरणका लागि समेत द्रुतगतिमा दिर्धकालीन रुपमा आवश्यक सघन पहल गर्न नेपाल सरकारलाई आग्रह गर्दछ । बाढी पहिरो लगायत दुर्घटनाका संभाव्य स्थानहरुको पहिचानका लागि आवश्यक प्राविधिक परिचालन गरी क्षति न्यूनीकरण गर्न र स्थानीयलाई आवश्यक सचेत गर्ने कार्यमा समयमा नै पहल गर्न सरकारको पुनः ध्यानाकर्षण गराइन्छ ।"<br><br>२. विद्युत व्यापार सम्झौताका सन्दर्भमा सन् १९९७ मा नेपाल र भारतको विचमा भएको विद्युत व्यापार सम्झौता, सन् २०१० मा नेपाल सरकारको तर्फबाट प्रस्तावित विद्युत व्यापार समझदारी पत्रको मस्यौदा, सन् २०१४ मा भारत सरकारको तर्फबाट प्रस्तावित विद्युत व्यापार सम्झौताको मस्यौदा तथा केहि दिन अगाडी नेपाल सरकारको तर्फवाट प्रस्तावित विद्युत व्यापार सम्झौताको मस्यौदा प्रति अध्ययनको लागि समितिलाई उपलब्ध गराउन उर्जा मन्त्रालयसँग अनुरोध गर्ने।<br><br>३. उर्जा मन्त्रालयले अघिल्लो व्यवस्थापिका संसदमा विद्युत विकाश सम्वन्धी विधेयक तथा विद्युत नियमन आयोग सम्वन्धी विधेयक पेश गरे तापनि उक्त समयमा विधेयकहरु पारित हुन नसकेको तर विद्युत विकास क्षेत्रका निम्ति आवश्यक देखिएका ती विधेयकहरु तत्काल व्यवस्थापिका-संसदमा पेश गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने । |
| १० | २०७१।०५।०५ गते (विहीवार)<br><br>समय :<br>०८:०० बजे<br><br>शुरु :<br><br>अन्त : | १० | १. आजको बैठकमा देहायको प्रस्ताव पारित गर्ने निर्णय भयो "माथिल्लो कर्णाली जल विद्युत आयोजना निर्माणको आयोजना विकास सम्झौता (PDA) गर्दा स्थानीय जनताको सुरक्षा, पुनर्स्थापना, रोजगारी, क्षतिपूर्ति स्थानीय जनतालाई शेयरको व्यवस्था र विकास सुनिश्चित गर्दै राष्ट्रिय उत्पादनको अधिकतम उपयोग, वातावरण एवं तल्लो भागमा संचालित हुने सिंचाई आयोजनाहरुमा प्रतिकुल असर नपर्ने व्यवस्था सुनिश्चित गर्न आवश्यक छ । साथै आयोजना निर्माणका सन्दर्भमा आउने जोखिम (Force majeure)विषयमा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा नेपालले वेहोर्नुपर्ने जोखिम न्यूनीकरण गर्ने तर्फ पनि ध्यानाकर्षण गर्न चाहन्छौ । माथिल्लो कर्णाली आयोजना तुलनात्मक रुपमा सस्तो भएको सन्दर्भमा VAT,Income Taxछुट |

| | | | |
|---|---|---|---|
| | | | लगायतको सुविधाहरु प्रवर्द्धकहरुलाई दिने कुरा पनि आएको छ । दीर्घकालमा नेपालको विद्युत् आवश्यकताको प्रक्षेपण, अन्य विद्युत् आयोजनाहरुबाट भविष्यमा प्राप्त हुन सक्ने विद्युत्को आपूर्तिका आधारमा आयोजनाबाट नेपालले लिने बिजुलीको सुनिश्चितता पनि PDA मा गर्न जरुरी छ । लागत र फाइदाको स्वतन्त्र मूल्याङ्कन र यसभन्दा अगाडि गरेको MOU को मर्म र परिवर्तित आवश्यकता समेतलाई ध्यानमा राखी सुविधाको व्यवस्था PDA मा गर्नु पर्ने, नपर्ने वा परेमा के कति गर्ने भन्ने कुराको निर्क्यौल गर्न जरुरी छ । यी तमाम स्थानीय र राष्ट्रिय सरोकारका विषयहरुलाई ध्यानमा राखी प्रवर्द्धक र नेपाल सरकारवीच आयोजना विकाश सम्झौता निर्धारित समयभित्र सम्पन्न गर्न यो समिति नेपाल सरकारलाई निर्देश गर्दछ ।"<br><br>२. आगामी बैठकमाPTA को विषयमा पुनः छलफल गर्ने निर्णय भयो । |
| ११ | २०७१।०५।०८ गते (विहीवार)<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु :**<br><br>**अन्त :** | ११ | १. आजको बैठकमा PTA को विषयमा पुनः छलफल गरियो । |
| १२ | २०७१।०५।११ गते (बुधवार)<br><br>**समय : बेलुका ०५:०० बजे**<br><br>**शुरु :**<br><br>**अन्त :** | १२ | आजको बैठकमा समितिका सभापति निर्वाचनको कार्यक्रम रहेकोमा मा. श्री गगनकुमार थापा सभापति पदमा निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्तावको सूचना प्राप्त भएकोले संविधानसभा (व्यवस्थापिका-संसद कार्यसञ्चालन) नियमावली २०७०, को नियम ११३ को उपनियम (४) बमोजिम समितिको सभापति पदमा मा. श्री गगनकुमार थापा निर्विरोध निर्वाचित हुनु भयो । |
| १३ | २०७१।०५।१५ गते ( आइतवार)<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु :**<br><br>**अन्त :** | १३ | १. आजको बैठकमा कृषि विकास रणनितीका विषयमा कृषि विकास मन्त्रालयका सचिव तथा पदाधिकारीहरुबाट जानकारी लिईयो ।<br><br>२. आजकै बैठकले हालैको वाढी पहिरोवाट विद्युत गृह, प्रसारणलाइन तथा निर्माणाधीन विद्युत आयोजनाहरुमा भएको क्षति, संचालित नहर तथा निर्माणाधीन नहर एवं सिचाई कुलोहरुमा पुग्न गएको क्षतिका सम्वन्धमा आगामी बैठकमा उर्जा मन्त्रालय, सिचाई मन्त्रालय र कृषि विकास मन्त्रालयका पदाधिकारीसंग छलफल गर्ने कार्यक्रम तय गऱ्यो । |
| १४ | २०७१।०५।१९ गते (विहीवार)<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु :**<br><br>**अन्त :** | १४ | १. आजको बैठकमा देहायको ४ वटा प्रस्तावहरु पारित गर्ने निर्णय भयो ।<br>क. यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण वाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षति र ती क्षति पुगेका संरचनाहरुमा पुननिर्माण र पुर्नस्थापना गर्नु पर्ने देखिएको तर त्यस्ता संरचना पुनः निर्माण र पुनर्स्थापनाको लागि हाल विनियोजनमा बजेट समावेश भएको नदेखिएकोले यसै आ.व.को लागि नै बजेट व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको कार्यालय मार्फत नेपाल सरकारलाई निर्देशन दिने"<br>ख. यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण वाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्वन्धमा छलफल हुंदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन उर्जा मन्त्रालय, सिंचाई मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>ग. प्राकृतिक विपदको रोकथाम र क्षति न्युनीकरण गर्न, जोखिमयुक्त ठाउँहरुको अध्ययन अनुसन्धान गर्दै जोखिमको रोकथाम, पूर्व तयारी, पूर्व चेतावनी लगायत कार्य गर्न र घटना घटिसकेको अवस्थामा |

<table>
<tr><td></td><td></td><td></td><td>व्यवस्थित रुपमा उद्धार, राहत, पुनर्वास र पुनर्निर्माण लगायतका कार्य गर्ने विपद व्यवस्थापनका सम्पूर्ण चरण र प्रक्रिया समेटिने गरी एक साधन स्रोत र अधिकार सम्पन्न केन्द्रीय विपद न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण निर्माण गर्न आवश्यक भएकोले उक्त प्राधिकरण स्थापना गर्न आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिने ।<br>घ. मुलुकमा विद्यमान विनियोजित वजेटवाट प्राकृतिक प्रकोपले उत्पन्न क्षतिलाई पुनर्स्थापना गर्न नसक्ने कुरालाई ध्यानमा राख्दै यस कार्यमा मित्र राष्ट्रहरुले सहयोग गर्न देखाएको चाहना र सदासयताको समेत पृष्ठभूमिमा कृषि, सिंचाइ, वन मन्त्रालय र अन्तर्गत विभागहरुले एकीकृत पुनर्स्थापना आयोजना प्रस्ताव तयार गरी आर्थिक स्रोतको लागि पेश गर्न उपुर्यक्त मन्त्रालय सहित अर्थ मन्त्रालयलाई समेत निर्देशन दिने ।<br>२. आगामी बैठकमा कृषि विकास रणनितीका विषयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र कृषि विकास मन्त्रालयका सचिव तथा पदाधिकारीहरुबाट पुन: जानकारी लिई छलफल गर्ने ।</td></tr>
<tr><td>१५</td><td>२०७१।०५।२४ गते (मंगलवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु :<br><br>अन्त :</td><td>१५</td><td>१. आजको बैठकमाकृषि विकास रणनितीका विषयमा समितिका माननीय सदस्यहरु राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यवाट सुझाव एवं प्रतिकिया लिइयो ।<br><br>२. आजकै बैठकमा संविधानसभा (व्यवस्थापिका-संसद कार्यसंचालन) नियमावली, २०७० को नियम १२४ बमोजिम समितिको<br>कार्यक्षेत्रभित्रकोविषयमा अध्ययन गरि समितिमा प्रतिवेदन पेश गर्न देहायको उपसमिति गठन गरिएको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>उर्जा उपसमिति</th><th>सिंचाई उपसमिति</th><th>कृषि विकास उपसमिति</th><th>भूमिसुधार तथा व्यवस्था उपसमिति</th></tr>
<tr><td>१</td><td>मा० श्री अमृत कुमार बोहरा</td><td>मा० श्री काशी नाथ अधिकारी</td><td>मा० श्री आनन्द प्रसाद पोखरेल</td><td>मा० श्री केशव थापा</td></tr>
<tr><td>२</td><td>मा० श्री कमल प्रसाद पंगेनी</td><td>मा० श्री किरण यादव</td><td>मा० श्री कृष्ण धिताल</td><td>मा० श्री गीता सिंह</td></tr>
<tr><td>३</td><td>मा० श्री काशीनाथ अधिकारी</td><td>मा० श्री जंगि लाल राय</td><td>मा० श्री चन्द्र बहादुर कुँवर</td><td>मा० श्री नबराज शर्मा</td></tr>
<tr><td>४</td><td>मा० श्री जमिन्द्रमान घले</td><td>मा० श्री ध्रुव वाग्ले</td><td>मा० श्री डम्बरध्वज तुम्बाहाम्फे</td><td>मा० श्री पुष्करनाथ ओझा</td></tr>
<tr><td>५</td><td>मा० श्री छेवाङ तेन्जेन तामाङ</td><td>मा० श्री राजु खनाल</td><td>मा० श्री डिल्ली प्रसाद काफ्ले</td><td>मा० श्री राम अवतार पासमान</td></tr>
<tr><td>६</td><td>मा० श्री प्रकाश शरण महत</td><td>मा० श्री सुधिर कुमार सिवाकोटी</td><td>मा० श्री तारा कान्त चौधरी</td><td>मा० श्री रामेश्वर प्रसाद ढुङ्गेल</td></tr>
<tr><td>७</td><td>मा० श्री महालक्ष्मी उपाध्याय (डिना)</td><td>मा० श्री आशा यादव</td><td>मा श्री दिनेश प्रसाद परसैला यादव</td><td>मा० श्री वेद माया भण्डारी (शाक्य)</td></tr>
<tr><td>८</td><td>मा० श्री रेखा शर्मा</td><td>मा० श्री शारदा कुमारी विश्वकर्मा</td><td>मा० श्री नरेन्द्र साह कलवार</td><td>मा० श्री सीता नेपाली</td></tr>
<tr><td>९</td><td>मा० श्री लक्ष्मी प्रसाद पोखरेल</td><td>मा० श्री शिव कुमार मण्डल केवट</td><td>मा० श्री निर्मल प्रकाश सुवेदी</td><td>मा० श्री हरी बहादुर खड्का</td></tr>
<tr><td>१०</td><td>मा० श्री विक्रम खनाल</td><td>मा० श्री पुनाराम थापा</td><td>मा० श्री भवानी प्रसाद खापुङ्ग</td><td></td></tr>
<tr><td>११</td><td>मा० श्री सुरेन्द्र प्रसाद यादव</td><td>मा० श्री धानो महरा</td><td>मा० श्री मान बहादुर थारु</td><td></td></tr>
<tr><td>१२</td><td>मा० श्री ज्ञानेन्द्र बहादुर कार्की</td><td>मा० श्री लक्ष्मी कुमारी चौधरी</td><td>मा० श्री मेघराज नेपालीनिषाद</td><td></td></tr>
<tr><td>१३</td><td></td><td>मा० श्री बलराम अधिकारी</td><td>मा० श्री सुमित्रा थरुनी</td><td></td></tr>
<tr><td>१४</td><td></td><td>मा० श्री शिव चन्द्र चौधरी</td><td>मा० श्री गंगा प्रसाद यादव</td><td></td></tr>
</table>
उपसमितिको संयोजक : उपसमितिले उपसमितिका सदस्यहरु मध्येबाट संयोजक चयन गर्न सक्नेछन् ।<br><br>उपसमितिको कार्यावधि समितिमा प्रतिवेदन प्रस्तुत नभएसम्म कायम रहनेछ ।<br><br>उपसमितिको काम कर्तव्य र अधिकार : समितिका सभापतिसंग समन्वय गरी सम्बन्धित मन्त्रालय र अन्तरगतका<br><br>विषयवस्तुहरुमा आवश्यकता अनुसार अध्ययन गरी समितिसमक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।<br><br>३. आगामी बैठकमा उर्जा मन्त्रालयसंग हाल भई रहेको PTA,PDA र नेपाल विद्युत प्राधिकरणका निर्माणाधिन आयोजना र प्राधिकरणले आफै वा सहायक कम्पनी मार्फत गर्ने (अध्ययन गरिरहेको</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | परियोजनाको समेत) प्रगति विवरणको विषयमा छलफल गर्ने निर्णय भयो । |
| १६ | २०७१।०५।२९ गते ( आईतवार)<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.२०**<br><br>**अन्त : ११.०५** | १६ | आजको बैठकमा विद्युत विकास संझौता र विद्युत व्यापार संझौताको विषयमा समितिले दिएको निर्देशनको प्रगति विवरण र नेपाल विद्युत प्राधिकरण आफैले सञ्चालन गरेका र सहायक कम्पनीबाट सञ्चालित जलविद्युत आयोजनाको स्थितिको विषयमा छलफल भयो ।<br><br>तत्पश्चात् समितिको बैठकले देहाय बमोजिमको निर्देशन उर्जा मन्त्रालयलाई दिने निर्णय गऱ्यो:<br><br>(क) जलविद्यत् आयोजना र प्रसारण लाइनमा देखा परेका समस्याहरु समाधान गर्न र सुचारु रुपले आयोजना र प्रसारण लाइन सम्पन्न गर्न के के गर्नुपर्छ ? त्यसको राय सहितको विवरण समेत खुल्ने गरी यस समितिमा पेश भएका आ.व. २०७१/७२ का लागि निश्चित गरिएका कार्यक्रमहरु कहिले र कसरी सम्पन्न गरिने हो ? सो कुरालाई प्रष्ट बनाउँदै यस विषयमा कार्यतालिका बनाएर १० दिनभित्र समितिमा उपलब्ध गराउने ।<br><br>(ख) नेपाल विद्युत प्राधिकरण कार्यकारी निर्देशक मातहतका जलविद्युत आयोजना, देशभरका वितरण केन्द्र, लेखा लगायत अन्य विभागीय प्रमुखहरुको पद निमित्तबाट संचालन भइरहेको देखियो । यसबाट प्राधिकरणको कार्यसम्पादन क्षमतामा ह्रास आउनु स्वाभाविक भएकोले १ हप्ताभित्र प्राधिकरणको कार्यकारी निर्देशक सहित सबै विभागीय प्रमुख, योजना प्रमुख र कार्यलय प्रमुखहरुको नियुक्ति गरीसक्ने व्यवस्थाको लागि निर्देशन दिने । |
| १७ | २०७१।०६।०५ गते ( आईतवार)<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.२०**<br><br>**अन्त :९.१०** | १७ | १. आजको बैठकमा कृषि, सिंचाइ र जलविद्युत आयोजना तथा संरचनाको क्षेत्रमा भएको क्षतिका सम्वन्धमा टोली बनाई स्थलगत अध्ययन गर्ने निर्णय भयो ।<br>२. तत्पश्चात् समितिले दिईएको निर्देशन अनुसार यस वर्षको वर्षादमा विभिन्न क्षेत्रमा आएको भारी वर्षाको कारण वाढी पहिरोले विद्युत गृह, प्रसारण लाइन, सिंचाइका नहर र कुलोहरु तथा कृषि क्षेत्रमा पुऱ्याएको क्षतिको सम्वन्धमा छलफल हुंदा क्षति भएका संरचनाको पुनर्निर्माण र व्यवस्थाको प्रत्येक १५/१५ दिनमा प्रगति विवरण उपलब्ध गराईदिन उर्जा मन्त्रालय, सिंचाई मन्त्रालय र कृषि विकास मन्त्रालयलाई निर्देशन दिईएकोले निर्देशन कार्यान्वयनको अनुगमन गर्ने निर्णय भयो ।<br>३. आगामी बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयसंग भु उपयोग निती र सुकुम्बासी समस्या समाधान सम्वन्धी योजना तथा कार्यक्रमका सम्वन्धमा र कृषि विकास मन्त्रालयसंग यस वर्षको वर्षादवाट आएको बाढीवाट भएको कृषि वालीको नोक्सानी र अब लगाउन सकिने वालीको सम्वन्धमा किसानहरुलाई दिन सकिने सहुलियत र सेवाको वारे जानकारी लिने निर्णय भयो । |
| १८ | २०७१।०६।०८ गते (बुधवार)<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.२५**<br><br>**अन्त : १०.३५** | १८ | आजको बैठकमा देहायको विवरण माग गर्ने निर्णय भयो ।<br><br>१. हालै गठित सुकुम्वासी समस्या समाधान आयोगले के-कसरी आफ्नो काम अगाडि बढाउँदैछ ? सुकुम्वासी र अव्यवस्थित बसोवास गर्नेको पहिचान कसरी हुन्छ ? पहिचान गरिएका सुकुम्वासीलाई वितरण गरिने जग्गाको छनौटको आधार के हुन्छ ? यस्तो प्रकृतिको आयोग यो नै अन्तिम हुन्छ भनेर सुनिश्चित हुने आधार के छ ? यी सबै प्रश्नका उत्तरहरु समेत समाविष्ट गरी लिखित विवरण भूमिसुधार तथा व्यवस्था मन्त्रालयसंग माग गर्ने ।<br><br>२. त्यसै गरि यस अघि गठन गरिएका ११ वटा सुकुम्वासी समस्या समाधान आयोगका प्रतिवेदन यस समितिलाई उपलब्ध गराउने ।<br>३. राष्ट्रिय भू-उपयोग नीतिको कार्यान्वयनलाई सुनिश्चित गर्न मन्त्रालयको कार्यतालिका सहित कार्य योजनाको विवरण माग गर्ने ।<br><br>४. अपर कर्णाली जल विद्युत आयोजना विकास सम्झौता लगानी वोर्डसंग र भारतसँग भएको विद्युत व्यापार सम्झौता उर्जा मन्त्रालयसँग माग गर्ने ।<br><br>बैठक पछि सूचना गरेपछि वस्ने गरि स्थगित भयो । |
| १९ | २०७१।०६।२६ गते ( आईतवार) | १९ | १. आजको बैठकमा यस समितिले यस भन्दा अगाडि दिएको निर्देशनको पठाउन वांकी कार्य प्रगति विवरण र माग गरेको विवरण एक हप्ताभित्र उपलब्ध गराउन उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>२. प्रसारण लाईन सम्बन्धी योजना, कार्यान्वयनको स्थिति र समस्याको विवरण, समस्या समाधान गरी |

| | | | |
|---|---|---|---|
| | समय : विहान ०८:०० बजे<br><br>शुरु : ८.२०<br><br>अन्त :११.०० | | कार्यान्वयनलाई तीव्रता दिने व्यवस्थाको सम्वन्धमा अध्ययन गरी एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न उर्जा उप समितिलाई निर्देशन दिने । |
| २० | २०७१।०७।०२ गते (आईतवार)<br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८.२०<br>अन्त :१०.३५ | २० | १. आजको बैठकमा काबेली कोरिडोर, अरुण तेस्रो र पश्चिम सेती जल विद्युत आयोजना सम्वन्धी योजना र कार्यक्रमका सम्वन्धमा र उर्जा विकासका सम्वन्धमा निजी क्षेत्रको अहिलेको अवस्था, समस्या र भावी योजनाको विषयमा जानकारी लिईयो ।<br>२. आजकै बैठकमा पश्चिम सेती परियोजनालाई अगाडी बढाउनको निमित्त उर्जा मन्त्रालय र लगानी वोर्डले संयुक्त रुपमा कार्यक्रम कार्यान्वयनको लागि निस्कर्ष सहित अविलम्व समितिमा पेश गर्न निर्देशन दिने निर्णय भयो ।<br>३. नेपाल विद्युत प्राधिकरण कावेली कोरिडोर आयोजना, १३२ के.भि.ए प्रसारण लाईन आयोजना निर्माणको काम २०१५ जुलाई सम्म सम्पन्न गर्ने र यस अन्तर्गत झापाको दमक स्टेशन देखि ईलामको सव स्टेशन सम्म पहिलो खण्डको काम २०७१ पौष १० गते भित्र सम्पन्न गर्ने । बैकल्पिक व्यवस्था अनुसार ३३ के.भि.ए ईलान सव स्टेशन देखि पुवा खोला सव स्टेशन सम्म कार्तिक २४ सम्ममा सम्पन्न गर्ने प्रतिवद्धता यस समितिको बैठकमा गरेको सन्दर्भमा प्रत्येक १५ दिनमा सो काम सम्वन्धी प्रगति विवरण यस समितिलाई उपलव्ध गराउन निर्देशन दिने निर्णय भयो ।<br><br>४. यस वर्षको वर्षादमा आएको भारी वर्षाको कारण सिचाई र विद्युतका संरचना तथा कृषि बाली र कृषि भूमिमा पुऱ्याएको क्षतिको विषयमा स्थलगत अध्ययन गरी पुनर्स्थापना, पुनर्निमाण र पुनर्व्यवस्थापनको लागि उपाय सहितको प्रतिवेदन पेश गर्न देहायको अध्ययन टोली गठन गर्ने निर्णय भयो ।<br>**सिरहा/महोत्तरी/धनुषा टोली**<br>१. मा.श्री किरण यादव<br>२. मा.श्री गंगाप्रसाद यावद<br>३. मा.श्री ताराकान्त चौधरी<br>४. मा.श्री धानो महरा<br>५. मा.श्री रामअबतार पासवान<br>६. मा.श्री रामेश्वरप्रसाद ढुंगेल<br>**बाँके/बर्दिया/सुर्खेत**<br>भ्रमण अवधि: भएको दिनको हुनेछ तदनन्तर, बैठक पछि वस्ने गरि<br>१. मा.श्री कृष्ण धिताल<br>२. मा.श्री मानबहादुर थारु<br>३. मा.श्री निर्मलप्रकाश सुवेदी<br>४. मा.श्री लक्ष्मीप्रसाद पोखरेल<br>५. मा.श्री सीता नेपाली<br>६. मा.श्री चन्दवहादुर कुंवर<br>भ्रमण प्रारम्भ मितिबाट ६ । समितिको अर्को सूचना गरेपछि स्थगित भयो ।<br>**दाङ**<br>१. मा.श्री छेवाङ्ग तेन्जिङ्ग तामाङ्ग<br>२. मा.श्री जंगीलाल राय<br>३. मा.श्री भवानी प्रसाद खापुङ्ग<br>४. मा.श्री रेखा शर्मा<br>५. मा.श्री हरिबहादुर खड्का<br>६. मा.श्री डम्बरध्वज तुम्वाहाम्फे |

| | | | |
|---|---|---|---|
| २१ | **२०७१।०७।१६ गते ( आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.२०**<br><br>**अन्त : १०:४५** | २१ | १. युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि,२०७१ मा प्रारम्भिक छलफल भई नेपाल राष्ट्र बैंक, अर्थ मंत्रालय र कृषि विकास मंत्रालयसँग थप छलफलको लागि मिति २०७१।७।२१ गते शुक्रवार विहान ८:०० बजे तोक्ने निर्णय भयो ।<br><br>२. तत्पश्चात् समितिको बैठकले देहाय बमोजिमको निर्देशन कृषि विकास मन्त्रालयलाई दिने निर्णय गऱ्यो :<br><br>(क) कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यको समन्वय तथा अनुगमन गर्न गठित समन्वय तथा अनुगमन समितिको त्रैमासिक छलफलको निर्णय /प्रतिवेदन यस समितिमा उपलव्ध गराउन निर्देशन दिने ।<br>(ख) कृषि विकास मंत्रालयवाट प्रदान गरिने अनुदानको सैद्धान्तिक आधार उल्लेख गर्दै गत आ.व.मा उपलव्ध गराइएको अनुदानको समीक्षा र कार्यविधि यस समितिमा उपलव्ध गराउन निर्देशन दिने ।<br>(ग) कृषि विकास मन्त्रालयवाट चालु आ.व. मा प्रदान गरिने अनुदान कार्यक्रमको जानकारी मन्त्रालयको वेव साइट मार्फत सवै क्षेत्रमा जानकारी गराउन निर्देशन दिने ।<br>(घ) प्रत्येक जिल्लाका कृषि विकास मन्त्रालय अन्तर्गतका कार्यालय मार्फत संचालन हुने अनुदान कार्यक्रमको वारेमा सांसद र स्थानीय निकायको प्रतिनिधि सहितको उपस्थितिमा समीक्षा गरी एक महिनाभित्र जानकारी गराउन निर्देशन दिने ।<br><br>३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट कावेलि जलविद्युत आयोजना लगायत अन्य विद्युत आयोजनाको दर्ता खारेज गर्न दिएको निर्देशनका सम्वन्धमा छलफल गर्न उर्जा मन्त्रालय र विद्युत विकास विभासँग मिति २०७१।७।१८ गते मंगलवार विहान ८:०० वजे बैठक वस्ने ।<br><br>तदनन्तर, समितिको बैठक २०७१ साल कात्तिक १८ गते मंगलवार विहान ८:०० बजे सम्मकोलागि स्थगित भयो । |
| २२ | **२०७१।०७।१८ गते (मंगलवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.२०**<br><br>**अन्त : ११:०५** | २२ | आजको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कावेली लगायत १० वटा जल विद्युत आयोजना खारेज गर्न दिएको निर्देशन सम्बन्धमा प्रारम्भिक छलफल भयो । छलफल तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो ।<br><br>१. उर्जा विकाससंग सम्बन्धित विद्युत विधेयक र विद्युत नियमन आयोग सम्बन्धी विधेयक २०७१ पुष मसान्तभित्र व्यवस्थापिका संसदमा दर्ता गराई सक्न उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. विद्युत विकास विभागबाट जलविद्युतको विकास गर्न अनुमति दिएका ५४७ वटै आयोजनाहरुको अवस्थाको जानकारी वेवसाईटमा राखी प्रत्येक महिनाको प्रगतिको जानकारी दिन र प्रत्येक तीन तीन महिनामा प्रगति विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउन उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>३. उर्जा मन्त्रालय अन्तरगत चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरुको कार्यान्वियनको कार्यतालिका बनाई कार्यान्वयन गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४. समितिको आगामी बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, उर्जामन्त्री र उर्जा मन्त्रालयका सचिवलाई समेत आमन्त्रित गर्ने । |
| २३ | **२०७१।०७।२१ गते ( आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.२०**<br><br>**अन्त : ११:३०** | २३ | निर्णयः –<br>युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि,२०७१ मा नेपाल राष्ट्र बैंक, अर्थ मंत्रालय, कृषि विकास मंत्रालय, कृषि उद्यम केन्द्र, नेपाल बैकर्स संघ र उद्योग वाणिज्य संघका प्रतिनिधिसँग छलफल गरियो ।<br><br>छलफल पश्चात् समितिले देहायका विषयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा अर्थ मन्त्रालय र कृषि विकास मन्त्रालयका सचिव तथा नेपाल राष्ट्र बैंकका गभर्नर समेतको बैठक बसी छलफल गरी कार्यविधिमा उपयुक्त व्यवस्था थप गर्न निर्देशन दिने निर्णय भयो ।<br><br>१. यस कार्यक्रमको प्रभावकारी कार्यान्वनका लागि सूचना प्रवाहको व्यवस्था वेवसाइट तथा अन्य माध्यमबाट |

| | | | |
|---|---|---|---|
| | | | समेत गर्ने व्यवस्था मिलाउने ।<br>२. समितिको बैठकमा भएको छलफलका आधारमा अनुसूचीमा परिमार्जन गर्ने, मौरी पालन समावेश गर्ने,<br>३. कर्जा प्रवाहलाई भरपर्दो बनाउन परियोजना वीमा गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने तथा जोखिम न्यूनीकरणका अन्य उपायबारे अध्ययन गर्ने,<br>४. कर्जाको अवधिलाई परियोजना एवं उत्पादनसँग आवद्ध गर्ने व्यवस्था मिलाउने,<br>५. वाणिज्य बैंकका साथै अन्य विकास बैंकहरुलाई पनि यस कार्यक्रममा समावेश गर्ने सम्बन्धमा तयारी गर्ने,<br>६. केन्द्रीय तहमा अनुगमनको काम नेपाल राष्ट्रबैंकले गर्ने र अनुगमन कार्यलाई प्रभावकारी बनाउन जिल्लास्तरीय अनुगमन संयन्त्र निर्माण सम्बन्धी व्यवस्था कार्यविधिमा समावेश गर्ने र त्यसको नेतृत्व कृषि विकास मन्त्रालले गर्ने गरी व्यवस्था गर्ने ।<br>७. कार्यक्रम संचालन गर्दा भौगोलिक सन्तुलन कायम गर्नेतर्फ पनि ध्यान दिने,<br>८. यो कार्यक्रमलाई कृषि विकास मन्त्रालयको कार्यक्रमसंग संगतिपूर्ण बनाउने र यस्ता सबै कार्यक्रमको लाभ केही सीमित व्यक्तिले मात्र लिन नपाउने गरी व्यवस्था गर्न सम्वद्ध पक्षले छलफल गरी कार्यविधि परिमार्जन गर्ने । |
| २४ | **२०७१।०७।३० गते ( आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८.१५**<br><br>**अन्त : ११.३०** | २४ | यस समितिको आजको बैठकमा कावेली लगायत १४ वटा जल विद्युत आयोजनाहरुको दर्ता खारेजका सम्वन्धमा छलफल भई देहाय अनुसार गर्ने निर्णय गरियो ।<br><br>उक्त विषयको वारेमा उर्जा मंत्रालयका सचिव, विद्युत विकास विभगका महानिर्देशक, नेपाल विद्युत प्राधिकरणका पदाधिकारी, इपानका अध्यक्ष लगायतका प्रतिनिधिसँग छलफल गरियो ।<br><br>निर्णय :–<br>(१) कावेली लगायत १४ वटा जल विद्युत आयोजनाहरुको दर्ता खारेजीका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उर्जा मन्त्रालयलाई निर्देशन दिएको सम्बन्धमा छलफल गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तलाई आमन्त्रण गरिएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट “सम्मानीत कृषि तथा जलस्रोत समितिको मिति २०७१।०७।२८ को पत्रबाट यस आयोगका माननीय प्रमुख आयुक्तज्यूलाई सम्बोधन गरी उक्त समितिको बैठकमा आमन्त्रण गरिएकोमा व्यवस्थापिका-संसद (कार्य सञ्चालन नियमावली) २०७० को नियम ११० र ११५ अनुसार यस आयोगको काम कारवाही सुशासन तथा अनुगमन समितिको कार्यक्षेत्रभित्र पर्ने हुँदा यस आयोगको २०७१।७।१८ गतेको बैठकबाट भएको निर्णय अनुसार आयोगसँग सम्बन्धित विषय सुशासन तथा अनुगमन समिति मार्फत जानकारी गराउने व्यहोरा अर्थ समितिमा समेत जानकारी गराइसकेको हुँदा सोही व्यहोरा जानकारी लिनु हुन आयोगको निर्णय अनुसार सादर अनुरोध गर्दछु ।” भनी पत्र प्राप्त भएकोले व्यवस्थापिका-संसद (कार्य सञ्चालन नियमावली) २०७० को नियम १२७ र १६० तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ मा “नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहनेछ ।” भन्ने उल्लेख भएको र त्यस्तो सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग निर्वाचित जनप्रतिनिधिद्वारा हुने भएकैले नेपालको अन्तरिम संविधानको धारा ७७ मा जननिर्वाचित संस्था संविधानसभालाई विशेषाधिकार रहेको सन्दर्भ समेत मध्यनजर गर्दै सम्माननीय सभामुखज्यूलाई सम्पूर्ण वस्तुस्थिति खुलाई पत्रद्वारा अनुरोध गर्ने।<br><br>त्यसैगरी व्यवस्थापिका-संसद अन्तरगतका विभिन्न समितिले एकै विषयमा र आफ्नो क्षेत्राधिकारभित्र नरहेको विषयमा समेत छलफल गर्ने र निर्देशन गर्ने (अर्थ समितिले कावेलीलगायतका विद्युत आयोजना खारेजीका सम्बन्धमा गरेको छलफल एवं निर्देशन, सार्वजनिक लेखा समितिले चमेलिया विद्युत आयोजनाका सम्बन्धमा उपसमिति गठन गरी गरेको अध्ययन एवं दिएको निर्देशन) गरेको कारणबाट संसदीय समितिको काम कारवाहीमा पर्न गएको विपरीत प्रभावका सम्बन्धमा समेत सम्माननीय सभामुखज्यूलाई आवश्यक समन्वयका लागि अनुरोध गर्ने ।<br><br>(२) कावेली लगायत १४ वटा जल विद्युत आयोजनाहरुको दर्ता खारेजीका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उर्जा मन्त्रालयलाई दिएको निर्देशनको सम्बन्धमा उर्जा मन्त्रालयवाट विद्युत विकास विभागका उपमहानिर्देशकको अध्यक्षतामा गठन भएको समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदनबाट ती योजनाहरुको वास्तविक अवस्था र भए गरेका काम कारवाहीको जानकारी हुने हुँदा समितिको अध्ययनका लागि तुरुन्त उपलव्ध गराइ दिन उर्जा मन्त्रालयलाई अनुरोध गर्ने । |
| २५ | **२०७१।०८।१४ गते ( आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे** | २५ | यस समितिको आजको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट काबेली ए जलविद्युत आयोजना लगायत १४ वटा जलविद्युत आयोजनाहरुको दर्ता खारेज सम्बन्धमा विद्युत विकास विभागका उप-महानिर्देशकको अध्यक्षतामा गठन भएको समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदन र लगानी बोर्डले माथिल्लो कर्णाली तथा अरुण तेस्रो जलविद्युत आयोजनाको परियोजना विकास सम्झौता सम्बन्धमा छलफल भई देहाय अनुसार निर्णय गर्ने गरियो ।<br><br>निर्णयः – |

| | | | |
|---|---|---|---|
| | शुरु : ८.१५<br><br>अन्त : ११.३० | | १. माथिल्लो कर्णाली तथा अरुण तेश्रो जल विद्युत आयोजनाको परियोजना विकास सम्झौताको कार्यन्वयनका सन्दर्भमा सम्झौतामा हस्ताक्षर भएको मितिले प्रत्येक २ महिनामा आयोजनाको प्रगति, अवस्था, समस्याको बारेमा यस समितिमा उपस्थित भइ समितिलाई जानकारी गराउन लगानी बोर्डलाई निर्देशन दिने ।<br>२. पश्चिम सेती परियोजनालाई अगाडि बढाउनको निम्ति अवलम्बन गर्नु पर्ने विषयका सन्दर्भमा उर्जा मन्त्रालय र लगानी वोर्डको संयुक्त बैठक बसी साझा अवधारणा एक महिना भित्र यस समितिमा पेश गर्न उर्जा मन्त्रालय र लगानी बोर्डलाई निर्देशन दिने ।<br>३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट काबेली ए जलविद्युत आयोजना लगायत १४ वटा जलविद्युत आयोजनाहरुको दर्ता खारेज गर्ने निर्देशन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको धारणा बुझ्न पुनः एक पटक यस बैठकमा उपस्थितिको लागि अनुरोध गर्ने ।<br>(तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| २६ | २०७१।०८।२५ गते (विहीवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८.२५<br><br>अन्त : ९.१५ | २६ | निर्णयः –<br>आजको बैठकमा बागलुङ जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित संविधानसभा सदस्य तथा यस समितिका सदस्य मा. हरि बहादुर खड्काको मिति २०७१ मंसिर १७ गते वागलुङमा भएको जिप दुर्घटनामा परी गम्भिर घाइते हुनुभई उपचारकै क्रममा मंसिर २१ गते भएको असामयिक निधनबाट नेपालको राजनीतिका एक कुशल, विकासप्रेमी र जुझारु नेता गुमाउनु परेबाट अपूरणीय क्षति व्यहोर्नु परेको अवस्थामा माननीय सभापतिबाट प्रस्तुत देहाय बमोजिम शोक प्रस्ताव पारित गरी एक मिनेट मौन धारण गरियो ।<br><br>"बागलुङ जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित संविधानसभा सदस्य तथा यस कृषि तथा जलस्रोत समितिका सदस्य मा. हरि बहादुर खड्काको मिति २०७१ मंसिर १७ गते वागलुङमा भएको जिप दुर्घटनामा परी गम्भिर घाइते हुनुभई उपचारकै क्रममा मंसिर २१ गते उहाँको निधन भएकोले शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्दै यो समिति मृत आत्माको चीर शान्तिको कामना गर्दछ।"<br><br>तदनन्तर समितिको आगामी बैठक भूमिसुधार (छैठौं संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गर्न २०७१ मंसिर २६ गते शुक्रबार विहान ८:०० बजे बस्ने गरी स्थगित भयो । |
| २७ | २०७१।०८।२६ गते (शुक्रवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२५<br><br>अन्त : ११:१५ | २७ | व्यवस्थापिका संसदले दफावार छलफलको लागि यस समितिमा पठाएको भूमि सम्बन्धी ऐन, २०२१ लाई (छैठौं संशोधन) गर्ने गरी प्रस्ताव गरेको विधेयकमाथि छलफल भई देहाय अनुसार निर्णय गर्ने गरियो ।<br><br>निर्णयः –<br>१. माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीले मन्त्रालयको धारणा राख्नु भयो ।<br>२. आजको बैठकमा भूमि सम्बन्धी ऐन, २०२१ लाई (छैठौं संशोधन) गर्न बनेको विधेयक २०७१ मथि दफावार छलफलको प्रारम्भ भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७१ साल मंसिर २९ गते (सोमवार) उर्जाको विषयमा छलफल गर्न बस्ने गरी स्थगित भयो । |
| २८ | २०७१।०८।२९ गते (सोमवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२०<br><br>अन्त : ११:०० | २८ | निर्णय :<br><br>१. काबेली ए लगायतका विभिन्न चौधवटा जलविद्युत आयोगजनाहरुको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, उर्जा मन्त्रालय र अर्थ मन्त्रालयका पदाधिकारीहरुसंग छलफल भयो ।<br><br>२. आजकै बैठकमा काबेली जल विद्युत आयोजनाको ऋण सम्झौताको विषयमा पनि अर्थ मन्त्रालयका पदाधिकारीसंग जानकारी लिईयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७१ साल पौष १ गते (मंगलवार) बस्ने गरी स्थगित भयो । |
| २९ | २०७१।०९।०१ गते (मंगलवार)<br><br>समय : विहान ०९:०० बजे<br><br>शुरु : ९:२०<br><br>अन्त : ११:०० | २९ | निर्णय :<br><br>१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा कावेली 'ए' लगायत बिभिन्न १४ वटा जलबिद्युत आयोजनाको अनुमतिपत्र खारेजी गर्नेतर्फ कारवाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको भनिएको सम्बन्धमा यस समितिको विभिन्न समयमा वसेका बैठकमा उर्जा मन्त्रालय, विद्युत विकास विभाग, नेपाल बिद्युत प्राधिकरण र स्वतन्त्र उर्जा उत्पादक संघका प्रतिनिधि लगायत सम्बन्धित विभिन्न निकायहरूसंग छलफल भएपश्चात् समितिले यो विषयमा निचोड निकाल्नुभन्दा अगाडि अख्तियार दुरुपयोग अनुसन्धान |

| | | | |
|---|---|---|---|
| | | | आयोगको राय बुझ्नु अत्यावश्यक रहेको महसूस गरी त्यस विषयमा छलफल गर्न र जानकारी लिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आमन्त्रण गरिएकोमा सम्मानीत आयोगका तर्फवाट मिति २०७१ मंसिर २९ गतेको समितिको बैठकमा उपस्थित भई आयोगले आयोजनाहरूको अनुमतिपत्र खारेज गर्न निर्देशन दिएको नभई प्रचलित कानुन वमोजिम कारवाही गर्न गराउन मन्त्रालयलाई सुझाव मात्र दिएको र आयोजनाका बारेमा आवश्यक कारवाही गर्ने वा नगर्न मन्त्रालय स्वतन्त्र रहेको स्पष्टिकरण सहितको जानकारी दिएको अवस्थामा,<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८को दफा १२(ख)को प्रतिबन्धात्मक वाक्यांश 'सार्बजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णय उपर प्रचलित कानून बमोजिम पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो निर्णय प्रभावित हुने गरी आयोगले लेखी पठाउने छैन' भन्ने व्यवस्थालाई समेत मध्येनजर गरी समितिको २०७१।९।१ को बैठकमा देहाय बमोजिम गर्ने निर्णय भयो ।<br>विद्युत ऐन २०४९ र विद्युत नियमावली २०५० बमोजिम उर्जा मन्त्रालयका सचिवले जलविद्युत आयोजनाको सर्वेक्षण, उत्पादन अनुमतिपत्र प्रदान तथा खारेज गर्ने निर्णय गर्न सक्ने तथा अनुमतिपत्र सम्बन्धी उर्जा मन्त्रालयका सचिवले गर्ने निर्णयमा पुनरावेदन गर्न सकिने र भइरहेकोले पनि जलविद्युत आयोजनासँग सम्बद्ध उक्त आयोजनाहरुका सम्बन्धमा मन्त्रालयले अध्ययन, अनुसन्धान, विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गरी प्रचलित ऐन, नियम अनुसार कुन आयोजना कानून सम्मत तथा प्रकृयागत रुपमा संचालन हुने अवस्थामा छन र कुन छैनन निर्क्यौल निकाल्दै उर्जा मन्त्रालयबाटै आवश्यक कारवाही एवं निर्णय गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने र सो को जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई गराउने ।<br>२. उर्जा मन्त्रालयवाट विभिन्न प्रकृतिका अनुमतिपत्र प्राप्त गरेका प्रवर्द्धकहरूले ऐन नियमले तोकिए वमोजिमका शर्तअनुसारका कामहरू तोकिएको समयमा पूरा गर्न प्रवर्द्धकहरूले गर्ने कामहरूसँगै उर्जा मन्त्रालयका विभिन्न निकायहरूले समेत समयमा नै आफ्नो तर्फ गर्नुपर्ने कामहरू समयमानै सम्पन्न गर्नु पर्ने भएकोले उर्जा मन्त्रालय मातहतका निकायले आ-आफ्नो काम समय भित्र गर्ने सुनिश्चितताका लागि आवश्यक प्रक्रिया अगाडि वढाउन उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>३. उर्जा मन्त्रालयबाट अनुमतिपत्र प्राप्त गरेका कतिपय निजी प्रवर्द्धकका सन्दर्भमा ऐन नियम बमोजिम तोकिएको समयमा तोकिएको शर्त पूरा नगरी केवल अनुमतिपत्र ओगटेर बस्ने प्रवृति रहेकोमा यस्तो प्रवृतिलाई दुरुत्साहन गर्न उर्जा मन्त्रालय र मातहतका सम्बन्धित निकायले अनुगमनलाई प्रभावकारी बनाई नियतबस ओगटेर बस्नेहरुलाई तत्काल कारवाही गर्न र यस सम्बन्धमा २ महिनाभित्र समितिमा प्रगति प्रतिवेदन सहितको जानकारी गराउन उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>तदनन्तर समितिको आगामी बैठक भूमिसुधार (छैठौं संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गर्न २०७१ पौष २ गते बुधबार विहान ८:०० बजे बस्ने गरी स्थगित भयो । |
| ३० | **२०७१।०९।०२ गते (बुधवार)**<br>**समय : विहान ०८:०० बजे**<br>**शुरु : ८:२०**<br>**अन्त : ११:१५** | ३० | निर्णय :<br>१. आजको बैठकमा भूमि सम्बन्धी ऐन, २०२१ लाई (छैठौं संशोधन) गर्न बनेको विधेयक २०७१ मथि दफावार छलफल जारी रहयो ।<br>तदनन्तर समितिको आगामी बैठक उर्जा र सिंचाई मंत्रालयको कार्यक्रमको चौमासिक प्रगति विवरणका सम्बन्धमा छलफल गर्न २०७१ पौष ३ गते विहीबार विहान ८:०० बजे बस्ने गरी स्थगित भयो । |
| ३१ | **२०७१।०९।०३ गते (विहीवार)**<br>**समय : विहान ०८:०० बजे**<br>**शुरु : ८:१५**<br>**अन्त : ११:००** | ३१ | निर्णय :<br>१. आजको बैठकमा उर्जा मन्त्रालय र सिंचाई मन्त्रालयको यस आ.व.को कार्यक्रमको चौमासिक प्रगति विवरणका सम्बन्धमा सम्वन्धित मन्त्री र पदाधिकारीसँग जानकारी लिईयो ।<br>तदनन्तर समितिको आगामी सोही विषयमा छलफल गर्ने गरी २०७१ पौष ४ गते शुक्रबार विहान ८:०० बजे सम्मको लागि स्थगित भयो । |
| ३२ | **२०७१।०९।०४ गते (शुक्रवार)**<br>**समय : विहान ०८:०० बजे** | ३२ | यस समितिको आजको बैठकमा उर्जा मन्त्रालय र सिंचाई मन्त्रालयको कार्यक्रमको चौमासिक प्रगति सम्वन्धमा छलफल भई तत् मंत्रालयलाई देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>निर्णय :<br>१. उर्जा मन्त्रालय र सिंचाई मन्त्रालयले यस आर्थिक बर्षको दोस्रो चौमासिकको लक्ष्य र कार्ययोजना अविलम्व |

| | | | |
|---|---|---|---|
| | **शुरु : ८:२५**<br><br>**अन्त : ११:१५** | | समितिमा पेश गर्ने ।<br><br>२. उर्जा मन्त्रालय र सिंचाई मन्त्रालयको दोस्रो चौमासिकको लक्ष्य पुरा गर्न तयार गरिएको कार्ययोजना अनुरुप भएको प्रगति विवरण र त्यसपछि प्रत्येक महिनाको प्रगति बिवरणको सम्वन्धमा सम्वन्धित मंत्रालयवाट प्रस्तुत गराई समितिको महिनाको पहिलो हप्ताको बैठकमा समीक्षा गरिने ।<br><br>३. उर्जा मन्त्रालय र सिंचाई मन्त्रालय अन्तर्गतका विभाग तथा कार्यालयबाट उपलब्ध हुने सेवाकोलागि सवै सेवाग्राही जनताको पहुँच सहज र सुनिश्चित गर्न, आवश्यकता अनुसार नयाँ कार्यालय स्थापना गर्न, सेवालाई थप प्रभावकारी बनाउन, आवश्यक जनशक्तिको व्यवस्था गर्न, आवश्यकता अनुसार कार्यालयमा खटाउन र मन्त्रालयको कार्ययोजना अनुरुपको काम सम्बन्धित कार्यालयबाट सम्पन्न गर्न गराउन र आफ्नो मन्त्रालय भित्रको जनशक्तिको समेत उचित व्यवस्थापन गर्न तत्काले O&Mगरी त्यसअनुरुप काम गर्ने र सो को जानकारी यस समितिलाई गराउने त्यसै गरि उर्जा मन्त्रालय अन्तर्गतका कार्यालयहरूमा सवै सेवाग्राही जनताको सहज पहुँच र सुनिश्चितता गर्न र सेवालाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार जनशक्तिको व्यवस्था गर्न, मन्त्रालयको कार्ययोजना अनुरूपको काम सम्बन्धित कार्यालयबाट सम्पन्न गर्न तथा आफ्नो मन्त्रालय भित्रको जनशक्तिको समेत उचित व्यवस्थापन गर्न तत्काले O&M गरी त्यस अनुरुप काम सम्पन्न गरी सोको जानकारी यस समितिलाई गराउने ।<br><br>तदनन्तर समितिको आगामी बैठकमा भूमिसुधार (छैठौं संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गर्न २०७१ पौष ६ गते आइतबार विहान ८:०० बजे बस्ने गरी स्थगित भयो । |
| ३३ | **२०७१।०९।०६ गते ( आईतवार)**<br>**समय : विहान ०८:०० बजे**<br>**शुरु : ८:२५**<br><br>**अन्त : ११:१५** | ३३ | निर्णय :<br>१. आजको बैठकमा भूमि सम्बन्धी ऐन, २०२१ लाई (छैठौं संशोधन) गर्न बनेको विधेयक २०७१ मथि दफावार छलफल जारी रहयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो। |
| (क) | **२०७१।०९।०७ गते (सोमवार)**<br>**समय : विहान ०८:०० बजे**<br>**शुरु : ८:२५**<br><br>**अन्त : १:१५** | **संयुक्त बैठक** | **(विकास समिति, कृषि तथा जलस्रोत समिति र अर्थ समितिको संयुक्त वैठक)**<br>**निर्णय**<br>चालु आर्थिक वर्षको समग्र विकास बजेट खर्चको अवस्था, समस्याहरु र लक्ष्य प्राप्तिका लागि चालिनु पर्ने कदमहरुका सम्वन्धमा व्यवस्थापिका-संसद अर्न्तगतका विकास समिति, कृषि तथा जलस्रोत समिति र अर्थ समितिको संयुक्त बैठक सम्मानीय प्रधानमन्त्री श्री सुशिल कोइरालाज्यूको समुपस्थितिमा आज मिति २०७१ पुष ७ गते विकास समितिका सभापति माननीय रविन्द्र अधिकारीज्यूको सभापतित्वमा बस्यो ।<br>चालु आर्थिक वर्षको पुँजीगत खर्चको बर्तमान अवस्था, समस्या र लक्ष्य प्राप्तिका लागि चालिएका कदमहरु संतोषजनक नै छन भन्न सकिने अवस्था देखिदैन । देशको समग्र आर्थिक विकासका लागि पुँजीगत खर्चमा वृद्धि गर्दै विकास निर्माणका आयोजना/परियोजनाहरु समयमा नै निर्माण सम्पन्न हुनु पर्नेमा पुर्वनिर्धारित समय भित्रै योजनाहरु/परियोजनाहरु पुरा हुन नसकेको साथै विभिन्न कारणले लागतमा समेत वृद्धि भैरहेको विद्यमान अवस्थामा मुलुकलाई सन् २०२२ सम्ममा कम विकसित मुलुकबाट विकासशिल मुलुकमा स्तरोन्नती गर्ने लक्ष्य पुरा गर्न हालको विकासको गतिलाई तिव्रता दिनुको विकल्प छैन । विकासशिल मुलुकमा स्तरोन्नति गर्ने उक्त लक्ष्य हासिल गर्न वार्षिक आर्थिक वृद्धिको दर न्यूनतम ६ प्रतिशत भन्दा माथी तथा गरिबिको रेखामुनि रहको हालका जनसंख्याको दरलाई १८ प्रतिशत भन्दा तल झार्नु पर्ने देखिन्छ । उक्त लक्ष्य प्राप्त गर्न भौतिक पुर्वाधारका ठुला आयोजना तथा परियोजनाहरुमा (जस्तै-जलविद्युत, सडक, उद्योग, कृषि, पर्यटन, सुचना प्रविधि, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरुमा) पुँजिगत खर्च बृद्धि गर्नु पर्ने देखिन्छ । भौतिक पूर्वाधार निर्माणका लागि कार्यान्वयनको विभिन्न चरणमा रहेका अधिकांश आयोजना/परियोजनाहरुको कार्य प्रगति अपेक्षित लक्ष्य अनुरुप रहेको नदेखिएको साथै विकास निर्माणका कार्यले सहज गति/तिव्रता प्राप्त नगर्नुमा :- |

| | | | |
|---|---|---|---|
| | | | १. बजेट कार्यान्वयनको सन्दर्भमा कमजोर सार्वजनिक खर्च व्यवस्थापन तथा खरिद प्रक्रिया, कमजोर विनियोजन क्षमता, कमजोर अनुगमन प्रणाली, बजेट पेश गर्ने समय र स्वीकृतीमा ढिलाई, खर्च गर्ने अख्तियारी र कार्यक्रम स्विकृत गर्नेक्रममा नै खरिद योजना नहुनु,<br>२. जग्गा प्राप्ती/मुअब्जा वितरण हुने ढिलाई तथा अन्य स्थानिय समस्याहरु,<br>३. भौतिक पूर्वाधार निर्माणमा गर्नु पर्ने IEE, EIAलगायतको व्यवस्थामा आवश्यक समन्वय नहुनु,<br>४. पूर्वाधार निर्माणका लागि अत्यावश्यक सामाग्रीहरु (रोडा, ढुङ्गा, गिट्टी, वालुवा आदि) एवं अन्य स्रोत र साधन समयमा नै उपलब्ध नहुनु,<br>५. अन्तरनिकाय समन्वयको अभाव हुनु,<br>६. अनुगमनको कमी तथा अप्रभावकारी अनुगमन प्रणाली,<br>७. सार्वजनिक खरिद तथा निर्माणका क्षेत्रमा ठेकेदारले ठेक्का प्राप्त गरेपछि निर्माण पेश्की लिई लामो समयसम्म काम सम्पन्न नगर्ने र सम्पन्न पश्चात  पनि गुणस्तरीय निर्माण नभएको कारण टिकाउ नहुने, काममा लापरवाही गर्ने डिजाइनकर्ता, सुपरभाइजर तथा निर्माण व्यवसायीहरु उपर  कारवाही गरिने प्रभावकारी व्यवस्था समेत भएको नपाइएको देखिएको,<br>८. सरल टेण्डर तथा ठेक्का प्रक्रियाको अभाव<br>९. सम्वन्धित पदाधिकारीबाट समयमा नै निर्णय नहुनु, आदि जस्ता प्रमुख कारणहरु देखिएकोले, उल्लेखित समस्याहरु समाधान गर्दै देशको समग्र विकास गर्ने सन्दर्भमा व्यवस्थापिका-संसद अर्न्तगतका विकास समिति, कृषि तथा जलश्रोत समिति र अर्थ समितिको आजको यो संयुक्त बैठक देहाय बमोमिज निर्देश गर्ने निर्णय गर्दछ :<br>१. आयोजना, कार्यक्रमहरुको स्वीकृती, अनुमोदन तथा अनुगमनका साथै चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको लागि तल्कालै गर्नु पर्ने कामका सम्वन्धमा देहाय बमोजिम गर्न समितिको सयुक्त बैठक नेपाल सरकारलाई देहाय बमोजिम निर्देश गर्दछ :<br>• २०७१ पुष १५ गते भित्रै स्रोत सुनिश्चित हुन नसकेका र दातृ निकायसंग सम्झौताको प्रक्रिया बाकि रहेका बाहेकका कार्यक्रमहरुको स्वीकृती तथा पुष २० गते भित्रै खर्च गर्ने अख्तियारी खर्च गर्ने इकाईसम्म पुर्‍याउन,<br>• २०७१ पुष २० गते भित्रै कार्यक्रम स्वीकृत नगर्ने/ नगराउने र अख्तियार नपठाउने पदाधिकारीलाई कारवाहि गर्न,<br>• २०७१ पुषमसान्त भित्र ठेक्कापट्टा लगाउने कामहरु गरि सक्न,<br>• अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउन अनुगमन गर्ने निकायको कार्यक्षेत्र स्पष्ट पार्न,<br>• चैत्र मसान्त भित्र बाहेक आउने कुनै पनि कार्यक्रम संसोधन नगर्न र अर्थ मन्त्रालयले राष्टिय योजना आयोग र सम्वन्धित मन्त्रालयबाट कार्यक्रम संशोधन र स्वीकृत भए पछि आवश्यकता अनुसार रकमान्तर गर्न,<br>• बाढि पहिरोको कारण भएको क्षतिको लागि सम्वन्धित मन्त्रालयले राष्टिय योजनाबाट कार्यक्रम स्वीकृत गराइ अर्थ मन्त्रालयबाट रकम माग गर्ने र अर्थ मन्त्रालयले थप रकम उपलव्ध गराउन,<br>२. बजेट तर्जुमालाई यथार्थपरक बनाउन तथा बजेट क्यालेण्डरलाई आवश्यक परिमार्जन गर्न व्यवस्थापिका संसदको अर्थ समितिसंग समन्वय गरि अविलम्व कार्य थालनी गर्न समितिहरुको यो संयुक्त बैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।<br>३ समितिहरुको यो संयुक्त बैठक बजेट कार्यान्वयनको समस्याहरु, सरकारी तथा सार्वजनिक निर्माण तथा खरिदका सम्बन्धमा देखापरेका विंसगतिहरुलाई तत्कालै सुधार गर्न, जग्गा प्राप्ती/मुअव्जा विवरण सम्वन्धमा आवश्यक मापडण्ड/निर्देशिका तत्कालै बनाई कार्यान्वयनमा ल्याउन, टेण्डर एवं ठेक्का प्रक्रियालाई सरलीकृत, पारदर्शी बनाउन, समयमा नै निर्णय नगर्ने/लापरवाही गर्ने/गुणस्तरिय कार्य सम्पादन नगर्ने परिपाटीलाई अन्त्य गर्दै त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न सम्वन्धित पदाधिकारीहरु (निर्णयकर्ता, डिजाईनकर्ता, परामर्शदाता, सुपरभाईजर तथा निर्माण व्यवसायी लगायत) लाई कानूनको प्रभावकारी कार्यान्वयन गरि कारवाहि गर्ने तथा राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देश गर्दछ ।<br>४. देश द्रुततर आर्थिक विकासका लागि हालको पूँजीगत खर्चमा वृद्धि गर्दै विकास निर्माणका |

आयोजनाहरु/परियोजनाहरु निर्धारित समय भित्रै निर्माण सम्पन्न गर्न प्रयन्नशिल रहन तथा राष्ट्रिय प्राथमिकताका आयोजनाहरुको कार्यान्वयनका लागि बजेट अभाव हुन नदिन, विकास निर्माणको प्रक्रियालाई अझबढि सरलिकृत गर्न, रकम निकासा समयमा नै गर्न, राष्ट्रिय महत्वका बहुवर्षीय योजनाहरुलाई प्राथमिकीकरण गरी सोही अनुरुप कार्यान्वयन गर्न, गराउन समितिहरुको यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

५ त्यसै गरि आयोजना/परियोजनाका विविध पक्षहरुसँग सम्बन्धित मन्त्रालयहरुबिच समन्वयको अभाव प्रस्टै देखिएकाले राष्ट्रिय प्राथमिकताका आयोजना/परियोजनाहरुको कार्यान्वयनका सन्दर्भमा देखिएका समस्याहरु, उत्पन्न हुन सक्ने समस्याहरुलाई एकद्वार प्रणालीबाट समाधान गर्न मन्त्रीस्तरीय एक उच्च संयन्त्र निर्माण गरी प्रभावकारी अन्तरसमन्वय कायम गर्दै कार्यसम्पादन गर्न/गराउन समितिको यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

६. जग्गा प्राप्ती लगायत विकास निर्माणका काममा अप्ठारा परेका विषयहरुलाई संवोधन गर्न नयाँ कानून बनाउन तथा सार्वजनिक खरिद ऐन लगायत विद्यमान ऐन कानूनहरु विकास निर्माणका लागि प्रतिकुल भए आवश्यक परिमार्जनका लागि संसदमा पेश गर्न यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

७ प्राकृतिक स्रोत र साधनको प्रयोग गरेर नै विकास निर्माण गर्ने हो । प्राकृतिक स्रोत साधनको दोहन, उपयोग विना विकास असंभव छ । यद्यपी प्राकृतिक स्रोत र साधनको संरक्षण गर्नु पर्ने अवस्था पनि नरहेको होइन । सन् २०२२ सम्म मुलुकलाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य पूरा गर्न, विकास निर्माणको कार्यलाई तिव्रता दिनु नै पर्ने देखिन्छ । तसर्थ प्राकृतिक स्रोत र साधनहरुको उपयोग/उत्खनन् गर्न सक्ने स्थानको पहिचान गरि, यस्ता स्रोत र साधनको उपयोग गर्दै दिगो विकासमा अझ बढि क्रियाशील हुनका लागि समितिको यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

८. विकासको आधारशिलाको रुपमा रहेका सडकको विकास निर्माण, सुदृढिकरण तथा स्तरोन्नती गर्न , सूचना सञ्चार र प्रविधिको विकास गर्न , जल विद्यूत आयोजनाहरुको निर्माणलाई तिव्रता दिई उर्जा संकटलाई संवोधन गर्न, औद्योगिक विकास गर्न एवं निर्माण गरिएका भौतिक पुर्वाधारहरुको संरक्षण, सम्बर्धन गर्दै विस्तार गर्न, सोका लागि आवश्यक प्रणाली (System)को तत्कालै श्रृजना गर्न र देशको समग्र विकासका लागि सरकारले लिएको अल्पकालिन तथा दिर्घकालिन सोच पत्र/रणनीति/कार्यनीति तथा सन् २०२२ सम्ममा विकाशसिल मुलुककोरुपमा स्तरोन्नती गर्न नेपाल सरकारले अपनाएको कार्यनीति एवं रणनीति व्यस्थापिका-संसदको विकास समिति, कृषि तथा जलस्रोत समिति तथा अर्थ समितिलाई यथाशिघ्र उपलव्ध गराउन यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

९. कर्णाली लगायतका दुर्गम क्षेत्रहरुहरुमा यातायात, स्वास्थ्य, शिक्षा, पुर्वाधार विकास लगायतका विषयहरुमा विषेश व्यवस्था तत्कालै गर्न, सडक नपुगेका जिल्लाहरुमा यसै आर्थिक वर्ष भित्र सडक पुर्याउन तथा दुर्गम क्षेत्रहरुको समग्र विकासलाई प्रथामिकता दिई कार्यसम्पादन गर्न समितिको यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

१०. वैदेशिक सहायता नीति अस्पष्ट, अपूर्ण रहेको साथै दातृ निकायको पुर्वशर्तहरु स्वीकार गरि अनुदान तथा ऋण, सहायता लिने प्रचलनले सरकारको निर्णय क्षमता कमजोर हुने, दातृ निकायले सहयोग गरेका आयोजनाहरुमा परामर्शदाताको नियुक्ति, ठेक्का प्रक्रियामा समेत सम्वन्धित दातृ निकायले निर्देशित गर्ने भएकोले/देखिएकोले यस तर्फ पुनरावलोकन गरि नेपाल सरकारको निर्णयमा मात्र वैदेशिक सहयोग परिचालन गर्ने व्यवस्था मिलाउन समितिको यो संयुक्त वैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।

| | | | |
|---|---|---|---|
| ३४ | **२०७१।०९।०९ गते (बुधवार)**<br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८:२०**<br><br>**अन्त : ११:००** | ३४ | निर्णय :<br>१ भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आगामी माघ १ गतेदेखि उपत्यकास्थित मालपोत कार्यालयहरूः– डिल्लीवजार, कलङ्की, चावहिल, ललितपुर र भक्तपुरका अतिरिक्त उपत्यका वाहिर धादिङ, चितवन, मकवानपुर, पर्सा, मोरङ, काभ्रे, वागलुङ, कास्की र बाँके सहित चौधवटा मालपोत कार्यालयहरूमा आधुनिक प्रविधिबाट भू–सुचना प्रवाह गर्ने र रजिष्ट्रेशन लगायतका कार्य गर्ने लक्ष्य लिएकोमा सो काम लक्ष्य अनुरुप तोकिएकै समयमा प्रारम्भ गर्न र २ बर्षभित्र (२०७३ माघ) देशका सवै मालपोत कार्यालयहरूमा उक्त प्रणाली लागु गरि सुचना प्रविधिको प्रयोबाट सेवा प्रवाह गर्नका लागि आवश्यक व्यवस्था मिलाउन र नापी कार्यालयमा समेत यो प्रणाली लागू गर्न भूमि सुधार तथा व्यबस्था मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२ आगामी दुई बर्षभित्र सबै मालपोत कार्यालयहरूलाई आधुनिक भू–सूचना प्रविधियुक्त बनाउनका लागि आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था गर्न नेपाल सरकार र सम्वन्धित निकायलाई निर्देशन दिने ।<br><br>३ सबै मालपोत कार्यालयहरूलाई एकीकृत आधुनिक भू–सूचना प्रविधियुक्त बनाउने सन्दर्भमा विद्युतीय कारोवार ऐनसँग सम्वन्धित समस्याको निरुपणका लागि वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४ भुमिसुधार तथा व्यवस्था मन्त्रालयको दोस्रो चौमासिकको लक्ष्य पूरा गर्न निर्धारित कार्ययोजना अनुरुप भएको मासिक प्रगति प्रतिवेदन प्रत्येक महिनाको पहिलो साता समितिको वैठकमा उपस्थित भई पेश गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br><br>५ गुठी जग्गासँग सम्वन्धित विषयमा यस अघि संसदीय समितिले गरेका अध्ययन, मन्त्रालयले गरेका अध्ययन, यस सम्वन्धि ऐन नियम, अदालतको फैसला लगायतका विषयमा अध्ययन गरि एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न मा. श्री काशीनाथ अधिकारीको संयोजकत्वमा सात सदस्यीय अध्ययन उपसमिति गठन गर्ने ।<br><br>तदनन्तर समितिको आगामी वैठकमा कृषि विकास मन्त्रालयको चौमासिक प्रगति विवरणका सम्वन्धमा छलफल गर्न २०७१ पौष १३ गते आइतबार विहान ८:०० बजे सम्मको लागि स्थगित भयो । |
| ३५ | **२०७१।०९।१३ गते ( आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८:२०**<br><br>**अन्त : १०:४५** | ३५ | आजको बैठकमा यस वर्षको वर्षादमा आएको भारी वर्षाको कारण सिचाई र विद्युतका संरचना तथा कृषि बाली र कृषि भूमिमा पुऱ्याएको क्षतिको विषयमा स्थलगत अध्ययन गरी पुनर्स्थापना, पुनर्निमाण र पुनर्व्यवस्थापनको लागि उपाय सहितको प्रतिवेदन माननीय श्री निर्मलप्रकास सुवेदीले समिति समक्ष पेश गर्नु भयो तत्पश्चात कृषि विकास मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को प्रथम चौमासिक प्रगति विवरणका सम्बन्धमा छलफल भई देहाय बमोजिम गर्ने निर्णय भयो :-<br>निर्णय :<br>१. कृषि विकास मन्त्रालयले यस आर्थिक बर्षको दोस्रो चौमासिकको लक्ष्य र कार्ययोजना अविलम्व समितिमा पेश गर्ने ।<br>२. कृषि विकास मन्त्रालयलको दोस्रो चौमासिकको लक्ष्य पुरा गर्न तयार गरिएको कार्ययोजना अनुरुप भएको प्रगति विवरण र त्यसपछि प्रत्येक महिनाको प्रगति बिवरणको सम्वन्धमा सम्वन्धित मन्त्रालयवाट प्रस्तुत गराई महिनाको पहिलो हप्ताको समितिको बैठकमा समीक्षा गरिने ।<br>३. कृषि विकास मन्त्रालय अन्तर्गतका विभाग तथा कार्यालयबाट उपलव्ध हुने सेवाको लागि सवै सेवाग्राही जनताको पहुँच सहज र सुनिश्चित गर्न, आवश्यकता अनुसार नयाँ कार्यालय स्थापना गर्न, सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्तिको व्यवस्था गर्न, आवश्यकता अनुसार कार्यालयमा कर्मचारी खटाउन र मन्त्रालयको कार्ययोजना अनुरुपको काम सम्बन्धित कार्यालयबाट सम्पन्न गर्न गराउन र आफ्नो मन्त्रालय भित्रको जनशक्तिको समेत उचित व्यवस्थापन गर्न माघ मसान्तसम्म O&Mगरी त्यस अनुरुप काम गर्ने र सो को जानकारी यस समितिलाई गराउने ।<br><br>तदनन्तर समितिको आगामी वैठकमा युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यान्वयन र कृषि वीमा सम्वन्धमा छलफल गर्न २०७१ पौष १६ गते बुधबार विहान ८:०० बजे सम्मको लागि स्थगित भयो। |
| ३६ | **२०७१।०९।१६ गते (बुधबार)**<br><br>**समय :** | ३६ | आजको बैठकमा युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ का सम्बन्धमा भएको परिमार्जन तथा कृषि वीमाका सम्बन्धमा छलफल भयो । समितिको आजको बेठकमा देहाय बमोजिम गर्ने निर्णय भयो । |

| | | | |
|---|---|---|---|
| | **विहान**<br>**०८:०० बजे**<br><br>**शुरु : ८:२५**<br><br>**अन्त : ११:००** | | निर्णयः –<br>१. यूवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ मा समितिको निर्देशन अनुसार आवश्यक परिमार्जन गरी अविलम्व मन्त्रीपरषदबाट पारित गरि  कार्यान्वयनमा लैजान निर्देशन दिने ।<br><br>२. आगामी २०७१ माघ २० गते अगावै कृषि वीमा सम्बन्धी विषयमा आवश्यक अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्नका लागि मिति २०७१।५।२४ मा समितिद्वारा गठित कृषि विकास उपसमितिलाई जिम्मेवारी दिने ।<br><br>३. मिति २०७१।९।९ को बैठकमा "गुठी जग्गासँग सम्वन्धित विषयमा यस अघि संसदीय समितिले गरेका अध्ययन, मन्त्रालयले गरेका अध्ययन, यस सम्वन्धी ऐन नियम, अदालतको फैसला लगायतका विषयमा अध्ययन गरि एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न मा. श्री काशीनाथ अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको माननीय सदस्यहरु रहनु भएको सात सदस्यीय अध्ययन उपसमिति गठन गर्ने" ।<br><br>१. मा. श्री काशीनाथ अधिकारी - संयोजक<br>२. मा. श्री सुधीरकुमार शिवाकोटी - सदस्य<br>३. मा. श्री किरण यादव - सदस्य<br>४. मा. श्री लक्ष्मीप्रसाद पोखरेल - सदस्य<br>५. मा. श्री शिवकुमार मण्डल (केवट) - सदस्य<br>६. मा. श्री कुन्तीकुमारी शाही - सदस्य<br>७. मा. श्री शिवचन्द्र चौधरी - सदस्य<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ३७ | **२०७१।०९।२५ गते (शुक्रवार)**<br><br>**समय :**<br>**विहान**<br>**०८:०० बजे**<br><br>**शुरु : ८:२०**<br><br>**अन्त : ११:१०** | ३७ | निर्णयः –<br>१. आजको बैठकमा कृषि विकास उप समितिका संयोजक माननीय श्री आनन्दप्रसाद पोखरेलले कृषि विकास रणनीति सम्वन्धी सुझाव प्रतिवेदन पेश गर्नु भयो । तत्पश्चात उक्त सुझाव प्रतिवेदनमा कृषि विकास रणनीति कार्यान्वयनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संवन्धित मंत्रालयहरु अर्थ मंत्रालय, उद्योग मन्त्रालय, उर्जा मन्त्रालय, कृषि विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय, शहरी विकास मन्त्रालय, सिचाई मन्त्रालय, माननीय उपाध्यक्षज्यू,राष्ट्रिय योजना आयोगको सचिवालय,माननीय सदस्यज्यू,(कृषि विकास हेर्ने) राष्ट्रिय योजना आयोगलाई लिखित सुझाव सहित आमन्त्रण गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।<br>तदनन्तर, समितिको अर्को बैठक २०७१ साल पौष ३० गते (बुधवार) विहान ०८:०० बजे बस्ने गरी स्थगित भयो । |
| ३८ | **२०७१।०९।३० गते (बुधवार)**<br><br>**समय :**<br>**विहान**<br>**०८:०० बजे**<br><br>**शुरु : ८:२०**<br><br>**अन्त : ११:१०** | ३८ | कृषि विकास रणनीति सम्वन्धी सुझाव प्रतिवेदनमा कृषि विकास रणनीति कार्यान्वयनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संवन्धित मंत्रालयहरुसंग छलफल गरियो ।<br><br>निर्णयः –<br>१. कृषि विकास रणनीति सम्वन्धी सुझाव प्रतिवेदनमा कृषि विकास रणनीति कार्यान्वयनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संवन्धित मंत्रालयहरु अर्थ मंत्रालय, उद्योग मन्त्रालय, उर्जा मन्त्रालय, कृषि विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शिक्षा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय, शहरी विकास मन्त्रालय, सिचाई मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालयलाई लिखित सुझाव माघ ७ गते भित्र यस समितिमा उपलव्ध गराई दिन निर्देशन दिने ।<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ३९ | **२०७१।१०।०५ गते ( सोमवार)**<br><br>**समय :**<br>**विहान**<br>**०८:०० बजे** | ३९ | कृषि विकास उप समितिले पेश गरेको कृषि विकास रणनीति सम्वन्धी सुझाव प्रतिवेदनमामाथि छलफल भई देहाय बमोजिम निर्णय गरियो ।<br><br>निर्णयः –<br>१. कृषि विकास उप समितिले पेश गरेको कृषि विकास रणनीति सम्वन्धी सुझाव प्रतिवेदनमाथि छलफल सम्पन्न भै प्राप्त सुझावहरु समावेश गरी अन्तिम सुझाव प्रतिवेदन तयार गर्ने ।<br><br>२. यस समितिमा कृषि विकास रणनीतिको सन्दर्भमा सरोकारवाला मन्त्रालयहरूका वीचमा छलफल हुँदा |

| | | | |
|---|---|---|---|
| | शुरु : ८:२५<br><br>अन्त : ११:१० | | विभिन्न मन्त्रालयका सचिव तथा पदाधिकारीहरूले धारणा राख्ने क्रममा कतिपयबाट मन्त्रालयको तर्फवाट रणनीतिको वारेमा अनविज्ञता प्रकट भएको र यसभन्दा अगाडि मन्त्रालयको तर्फवाट जो जसले भाग लिएर धारणा राखे तापनि मन्त्रालयमा संस्थागत अभिलेख प्रणालीको चलन नहुँदा कुन समयमा के कस्तो धारणा व्यक्त गरिएको भन्न नसकिने जानकारी गराईएको विषयलाई यस समितिले गम्भीरतापूर्वक लिएको छ। संसद, संसदीय समिति, नेपाल सरकारका मन्त्रालय, आयोग, समिति तथा निकायहरूमा सरकारका नीति, रणनीति, कार्यक्रम, प्रस्ताव तथा महत्वपुर्ण विषयहरूमा हुने छलफलमा सरोकारवाला निकायवाट प्रतिनिधित्व गर्ने व्यक्तिले सो विषयमा भएको छलफल निर्णयको जानकारी दिने र तत् निकायमा अभिलेख राख्ने प्रणालीलाई व्यवस्थित नगर्ने हो भने त्यसले सो छलफल र निर्णयको प्रभावकारिता र कार्यान्वयनमा समेत गम्भीर असर गर्ने हुँदा सवै निकायमा संस्थागत अभिलेख प्रणाली(Institutional Memory) हुनु अपरिहार्य छ । अतः समितिको यो वैठक त्यस किसिमको संस्थागत अभिलेख प्रणाली (Institutional Memory) सबै निकायमा कायम राख्ने व्यवस्था गर्न र त्यसको कडाईका साथ पालन गर्न, गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउने निर्णय गर्दछ । |
| ४० | २०७१।१०।११ गते ( आईतवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२०<br><br>अन्त : १०:३५ | ४० | आजको बैठकमा कृषि विकास मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को पहिलो चौमासिकमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक मंसिर र पुस महिनाको प्रगति विवरणका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br>निर्णय :<br>१. कृषि विकास मन्त्रालयले यस आर्थिक बर्षमा लक्षित गरेका कार्यक्रम तथा विनियोजित बजेटका सम्बन्धमा मन्त्रालय अन्तर्गत केन्द्र, क्षेत्र र जिल्ला तहमा रहेका कार्यालयहरूले Calendar of Operation का आधारमा निर्धारित कार्यक्रम के कति पुरा भए, के कति पूरा हुन सकेनन र किन पूरा हुन सकेनन त्यसको विस्तृत प्रगति विवरण मन्त्रालयवाट प्रत्येक दुई महिनमामा हुने यस समितिको समीक्षा वैठकमा उपस्थित भइ जानकारि गराउने ।<br>तदनन्तर समितिको बैठक २०७१ साल माघ १२ गते सोमवार विहान ८.०० बजेसम्मका लागि स्थगित भयो । |
| ४१ | २०७१।१०।१२ गते ( सोमवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२०<br><br>अन्त : १०:३५ | ४१ | आजको बैठकमा सिचाई मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को पहिलो चौमासिकमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक मंसिर र पुस महिनाको प्रगति विवरणका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णय :<br><br>१. सिंचाई मन्त्रालयको आ.व.२०७१/०७२ को प्रथम चौमासिकको लक्ष्य पूरा गर्न बाँकी निर्धारित कार्यक्रम तथा दोस्रो चौमासिक अवधिको मंसिर र पौष महिनाको (अर्ध वार्षिक अवधि) प्रगति विवरण सन्दर्भमा मन्त्रालयले प्रस्तुत गरेको प्रगति विवरणमाथि छलफल, समीक्षा र मूल्याङ्कन गर्दा मन्त्रालयले आफैंले तय गरेको लक्ष्य अनुरुपको प्रगति सन्तोषजनक देखिएन । यसका पछाडि केही साझा समस्याहरू समेत रहेकोले लक्ष्य अनुरुप काम सम्पन्न गर्न त्यस्ता समस्या समाधानका लागि मन्त्रालयले नै विशेष चासो दिएर अन्य मन्त्रालयसँग समन्वय गर्न र जुन आयोजनामा विशेष समस्याहरू छन् त्यसको हकमा आवश्यक तदारुकता देखाई लक्ष्य अनुरुप काम गर्ने ।<br><br>२. सिंचाई मन्त्रालयको आ.व.२०७१/०७२ को लागि स्वीकृत कार्यक्रम तथा वजेटका सन्दर्भमा मन्त्रालयका विभिन्न निकायहरूले अविलम्व मासिक लक्ष्य सहितकोCalendar of Operationबनाउने र सो अनुरुप प्रत्येक महिनाको प्रगतिको अवस्था सूचना प्रविधिको माध्यमवाट (अनलाईन मार्फत) मन्त्रालयलाई गराउने परिपाटीको शुरुवात गर्ने । यो निर्देशनका सन्दर्भमा भएको प्रगतिको जानकारी मन्त्रालयको तर्फबाट समितिको अर्को द्वैमासिक समिक्षा वैठकमा गराउने ।<br><br>तदनन्तर समितिको बैठक २०७१ साल माघ १३ गते मंगलवार विहान ८.०० बजेसम्मका लागि स्थगित भयो । |
| ४२ | २०७१।१०।१३ गते ( मंगलवार)<br><br>समय : | ४२ | आजको बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को पहिलो चौमासिकमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक मंसिर र पुस महिनाको प्रगति विवरणका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br>निर्णयः<br>१. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.व.२०७१/०७२ को प्रथम चौमासिकको लक्ष्य पूरा गर्न बाँकी |

| | | | |
|---|---|---|---|
| | विहान ०८:०० बजे<br><br>शुरु : ८:२०<br><br>अन्त : १०:४५ | | निर्धारित कार्यक्रम तथा दोस्रो चौमासिक अवधिको मंसिर र पौष महिनाको प्रगति विवरणका सन्दर्भमा मन्त्रालयले प्रस्तुत गरेको प्रगति विवरण माथि छलफल, समीक्षा र मूल्याङ्कन भयो । तुलनात्मक रुपमा मन्त्रालयको प्रगति विवरण सन्तोषजनक देखिएको भए तापनि समग्रमा प्रगतिको मापन जनताले पाउने सेवाको प्रभावकारिता र उपलब्धिसँग नै जोडिने गर्दछ । अतः जनताले अधिकतम लाभ पाउन सकुन र लक्षित काम कारवाहीलाई थप प्रभावकारी र उपलब्धिमूलक वनाउने सन्दर्भमा देखिएका समस्या समाधानका लागि मन्त्रालयले विशेष चासो दिएर अन्य मन्त्रालयसँग सम्न्वय गर्न र आन्तरिक विषयहरूमा समेत आवश्यक तदारुकता देखाई लक्ष्य अनुरुप काम गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई यो वैठक निर्देशन गर्दछ ।<br>२ गाँउ व्लक नापी, अछाम, अर्घाखाँची र पाल्पाको विशेष नापी कार्यक्रम तथा डिजिटल नापीका लागि आवश्यक पर्ने ५५२ प्राविधिक कर्मचारीमध्ये १७५ जना करारमा राख्ने र बाँकी नापी विभागको स्थायी दरवन्दीवाट पदपूर्ति गर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयवाट २०७१ भाद्र १३ गते सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाएको र सोको निर्णय समयमा नहुँदा लक्षित काम कारवाही प्रभावित भएको भन्ने जानकारी यस समितिको मिति २०७१ माघ १३ मा वसेको वैठकमा मन्त्रालयले गराएकोले यसमा समितिको ध्यानाकर्षण भएको छ । अतः यस सन्दर्भमा आवश्यक प्रक्रिया अविलम्व अगाडि बढाउनका लागि पहल गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई विशेष ध्यानाकर्षण गराउँछ ।<br>३. नापी तथा मालपोत कार्यालयहरू जनतासँग प्रत्यक्ष रुपमा जोडिएका कार्यालयहरू हुन । यी कार्यालयवाट जनतालाई सहज रुपमा, छिटो छरितो र प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्न र ती कार्यालयभित्र हुने अवाञ्चित क्रियाकलापको अन्त्य गर्नका लागि मन्त्रालयसँग के कस्ता योजना र कार्यक्रमहरू छन् समितिको अर्को वैठकमा विस्तृत रुपमा प्रस्तुत गर्नका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन गर्दछ ।<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ४३ | २०७१।११।०१ गते - शुक्रवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२०<br><br>अन्त : ०८:३० | ४३ | आजको बैठकमा उर्जा मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को पहिलो चौमासिकमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक अन्तिम मंसिर र पुस महिनाको कार्यक्रम प्रगति विवरणका सम्बन्धमा छलफल गर्ने कार्यक्रम रहेकोमा माननीय उर्जा मन्त्री अनुपस्थित रहनु भएकोले बैठक स्थगित भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ४४ | २०७१।११।१० गते ( आईतवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२०<br><br>अन्त : ०८:३० | ४४ | आजको बैठकमा उर्जा मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को पहिलो चौमासिकमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक मंसिर र पुस महिनाको प्रगति विवरणका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णय :<br><br>१. उर्जा मन्त्रालयको आ.व.२०७१/०७२ को प्रथम चौमासिकको लक्ष्य पूरा गर्न बाँकी निर्धारित कार्यक्रम तथा दोस्रो चौमासिक अवधिको मंसिर र पौष महिनाको (अर्ध वार्षिक अवधि) प्रगति विवरण सन्दर्भमा मन्त्रालयले प्रस्तुत गरेको प्रगति विवरणमाथि छलफल, समीक्षा र मूल्याङ्कन भयो । अर्को बैठकमा सोही विषयमा छलफल तथा निर्णय<br><br>तदनन्तर समितिको बैठक २०७१ साल फाल्गुण ११ गते सोमवार विहान ८.०० बजेसम्मका लागि स्थगित भयो । |
| ४५ | २०७१।११।११ गते ( सोमवार)<br><br>समय : विहान ०८:०० बजे<br><br>शुरु : ८:२० | ४५ | आजको बैठकमा उर्जा मन्त्रालयको चालू आर्थिक वर्ष २०७१/७२ को पहिलो चौमासिकमा सम्पन्न हुन नसकेको कार्य सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक मंसिर र पुस महिनामा उर्जा मन्त्रालय, जल तथा उर्जा आयोग, जल विद्युत लगानी तथा विकास कम्पनी र नेपाल विद्युत प्राधिकरणको आयोजना प्रमुखसंग प्रगति विवरणका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णय :<br>१. संसदको नियमित वैठक नवसेको अवस्थामा सरकारका काम कारवाहीलाई जवाफदेही वनाउने, लक्षित कार्यक्रमहरू समयमा नै उपलब्धिमूलक र प्रभावकारी रुपमा सम्पन्न हुने वातावरण निर्माण गर्ने र सरकारको स्वेच्छाचारितालाई रोक्ने सशक्त माध्यम संसदीय समिति हो । संसदीय समिति बहिस्कार गरेर होइन क्रियाशिल बनाए नै सरकारलाई जवाफदेही वनाउन सकिन्छ. अत संसदीय समितिका वठकलाई |

| | | | |
|---|---|---|---|
| | **अन्त : ०८:३०** | | नियमित रुपमा सुचारु गर्न समितिका वैठकमा उपस्थित हुनका लागि समितिका सम्पूर्ण माननीय सदस्यहरूलाई यो वैठक हार्दिक आव्हान गर्दछ ।<br><br>२. आ.व. २०७१/०७२ को पहिलो चौमासिक अवधिमा लक्ष्य पूरा हुन नसकेका कामहरू सम्पन्न गर्न गरेको प्रयास र दोस्रो चौमासिक अवधिको मंसिर र पुष महिना समेत गरी अर्ध वार्षिक अवधिको प्रगति विवरणका वारेमा उर्जा मन्त्रालय र यस अन्तर्गतका निकाय तथा आयोजनावाट प्रस्तुत प्रगति विवरणमाथि छलफल भयो । यस बीचमा उर्जा क्षेत्रमा देखिएका दूरगामी प्रभाव पार्ने खालका निर्णय एवं सम्झौताहरू जस्तै पञ्चेश्वर विकास प्राधिकरणको गठन, विकास समितिहरुको गठन, छिमेकी राष्ट्र भारतसँग भएको उर्जा व्यापार सम्झौता, सार्क राष्ट्रबीच उर्जा विकासको लागि भएको सम्झौता जस्ता उपलब्धि भएपनि मन्त्रालय अन्तर्गतका निकायले गर्नुपर्ने नियमित कामहरू समेत सही ढंङ्गले नगर्दा सम्म यी उपलब्धिहरूबाट अपेक्षित लाभ प्राप्त हुने अवस्था देखिन्न । स्वीकृत कार्यक्रमहरूको प्रगति न्यून मात्र होईनमन्त्रालयले आँफैले तय गरेको लक्ष्य समेत पूरा नभएको अवस्थामा लक्ष्य अनुरुप काम सम्पन्न गर्न र विभिन्न अवस्थामा आइपर्ने समस्या समाधानका लागि उर्जा मन्त्रालयले नै विशेष अग्रसरता लिएर अन्य मन्त्रालयसंग समन्वय गर्नु जरुरी देखिन्छ ।अतः देशको विद्यमान उर्जा संकटलाई समेत मध्यनजर गर्दै मन्त्रालय र यस अन्तर्गतका निकायका कामहरू लक्ष्यअनुरुप पूरा गर्न यस क्षेत्रमा देखिएका नीतिगत तथा संरचनागत समस्याहरूको समाधानका लागि तत्काल आवश्यक प्रक्रिया थाल्न उर्जा मन्त्रालयलाई निर्देशन दिदै यसलाई विशेष प्रथमिकता दिन र आवश्यक पहल गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई विशेष ध्यानाकर्षण गराउँछ ।<br><br>३. यस अघि पौष मसान्त भित्र ल्याउने भनी मन्त्रालय स्वयंले प्रतिवद्धता गरेको र समितिले निर्देशन समेत दिईसकेको उर्जा विकाससँग सम्बन्धीत विद्युत बिधेयक र विद्युत नियमन आयोग सम्वन्धी विधेयक हालसम्म पनि नल्याइएकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।अतः विद्युतको क्षेत्रमा देखिएका समस्याहरूको सम्वोधन हुनेगरी विद्युत विधेयक र विद्युत नियमन आयोग सम्बन्धी बिधेयक आगामी चैत्र मसान्तभित्र व्यवस्थापिका– संसदमा दर्ता गर्न पुनः उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा कावेली ए लगायत बिभिन्न १४ वटा जलबिद्युत आयोजनाको अनुमतिपत्र खारेजी गर्नेतर्फ कारवाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको भनिएको सम्बन्धमा यस समितिले सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत बिभिन्न सरोकारवाला निकायसँग छलफल गरेपश्चात मिति २०७१ पौष १ गते वसेको समितिको वैठकले उक्त आयोजनाहरूका सम्बन्धमा मन्त्रालयले अध्ययन, अनुसन्धान, विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गरी प्रचलित ऐन, नियम अनुसार कुन आयोजना कानून सम्मत तथा प्रक्रियागत रुपमा संचालन हुने अवस्थामा छन र कुन छैनन निक्यौल निकाल्न र आवश्यक कारवाही गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिएको विदित नै छायस पृष्ठभूमिमा एकातर्फ आफूले पाएको अधिकारलाई प्रयोग गर्दै उर्जा मन्त्रालयको सचिवस्तरीय निर्णयवाट१३ वटै आयोजनाको अनुमतिपत्र खारेज गर्ने निर्णय गर्नु र अर्कोतर्फ मन्त्रीस्तरवाट सम्बन्धित प्रवर्दधकलाई नै अनुमतिपत्र जारी गर्ने प्रस्ताव मन्त्रिपरिषदमा पेश गरिएको विषयमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ. यसले एकातर्फ हाम्रो कर्मचारीतन्त्रमा प्रचलित ऐन नियमले दिएको अधिकारको प्रयोग गरेर सही र गलत छुट्टाई कानूनसम्मत निर्णय गर्ने भन्दा निर्णय नगरी पन्छिने स्थायी प्रवृत्ति वन्न गएको देखिन्छ भनेअर्कोतर्फ यस्तो कमजोरीलाई सच्याउन प्रोत्साहित गरी प्रचलित ऐन नियम अनुसार अख्तियारप्राप्त निकायलाई निर्णय गर्न लगाउनुभन्दा प्रत्येक विषयलाई मन्त्रिपरिषदमा लगेर निर्णय गराउने स्थायी प्रवृत्ति वन्दै गएको समितिले महसूस गरेको छ ।यस्तो प्रवृतिले जलविद्युत क्षेत्रमा त प्रभाव पार्छ नै हाम्रो शासकीय प्रणालीमा समेत गलत नजीर स्थापित गर्छ । अतः यस्तो प्रवृतिलाई दुरुत्साहन गर्न तत्काल कदम चाल्न यो वैठक नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको ध्यानाकर्षण गराउँछ।<br><br>५.जल तथा उर्जा आयोग लाई शसक्त र प्रभावकारी बनाउने उद्देश्यका साथ जलस्रोत आयोग गठन गर्ने सम्बन्धमा जल तथा उर्जा आयोगले मिति २०७१ कार्तिकमा नै आयोगको गठन आदेश तयार गरी माननीय उर्जा मन्त्रीसमक्ष पेश गरिसकेको भन्ने जानकारी यस समितिको वैठकमा गराएकोले यस सन्दर्भमा समितिको ध्यानाकर्षण भएको छ ।अतः के कति कारणले यसमा ढिलाई भएको हो ? अविलम्व गठन आदेश जारी गरी जलस्रोत आयोग गठन प्रक्रिया अगाडि वढाउन उर्जा मन्त्रालयलाई निर्देशन गर्दछ ।साथै आयोगको वैठक नियमित रुपमा वस्ने सुनिश्चितता गर्न पनि निर्देशन गर्दछ ।<br><br>६. देशको उर्जाको माग पूरा गर्दै उर्जासुरक्षा, पर्याप्तता र दीगोपनको सुनिश्चित गर्न तयार गरिएको राष्ट्रिय उर्जा रणनीति (२०७१ माननीय उर्जा मन्त्रीवाट मिति २०७१।६।१० मा नै स्वीकृत भइ मन्त्रीपरिषदमा पेश हुने क्रममा रहेको र एकीकृत जलस्रोत नीति, २०७१ माननीय उर्जा मन्त्रीवाट मिति २०७१।५।२९ मा नै स्वीकृत भई मन्त्रिपरिषदमा प्रस्ताव पेश हुने क्रममा रहेको जानकारी यस समितिको वैठकमा जल तथा उर्जा शक्ति आयोगको तर्फवाट दिईएकोमा सो कार्यमा किन ढिलाई भएको हो ? अविलम्ब आवश्यक |

| | | | |
|---|---|---|---|
| | | | संसोधन गर्नु पर्ने भए गरी प्रक्रिया अगाडि वढाउन उर्जा मन्त्रालयलाई निर्देशन दिदैं सोको लागि आवश्यक पहलकदमी लिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई ध्यानाकर्षण गराउछ ।<br><br>७. जल तथा उर्जा आयोगलाई सक्षम र सुदृढ वनाउनको लागि आयोगको पुनर्संरचना गर्ने कानून तर्जुमा गर्ने प्रक्रिया अविलम्ब प्रारम्भ गर्न उर्जा मन्त्रालयलाई निर्देशन गदछ ।<br><br>८. प्रसारण लाइनको विकासलाई प्राथमिकतामा राखी छुट्टै राष्ट्रिय ग्रीड कम्पनी स्थापना गर्ने सम्बन्धी कार्य अगाडि बढेकोमा समितिको यो वैठक सन्तोष व्यक्त गर्दै यसलाई थप तदारुकताका साथ अगाडि वढाउन निर्देशन गर्दछ ।<br><br>९.नेपाल विद्युत प्राधिकरणको आ.व.२०७१/०७२को लागि स्वीकृत कार्यक्रमको लक्ष्य पूरा गर्न आफ्नो कार्यतालिका संसोधन गरी सो अनुरुप अगाडि वढ्न र सो को जानकारी समितिलाई गराउन नेपाल विद्युत प्राधिकरणलाई निर्देशन गर्दछ ।<br><br>१०.प्रसारण लाइन आयोजनाहरूका सन्दर्भमा प्रस्तुत प्रगति प्रतिवेदनवाट सन्तुष्ट हुने अबस्था नदेखिएकोले सम्बन्धित निकायहरूसँग समन्वय गरी लक्ष्य अनुरुप काम गर्न आवश्यक अग्रसरता लिन र आयोजनाहरू तीव्र रुपले अगाडि वढाउन निर्देशन गर्दछ ।<br><br>११.जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडद्वारा प्रस्तुत प्रतिवेदनमा सन्तोष व्यक्त गर्दै यसलाई थप प्रभावकारी वनाउन आवश्यक योजना वनाई अग्रसरता लिन र सो को प्रगति यस समितिमा बुझाउन निर्देशन गर्दछ । |
| ४६ | **२०७१।११।२० गते (बुधवार)**<br><br>**समय :**<br>**विहान ०८:०० बजे**<br><br>**शुरु : ८:२०**<br><br>**अन्त :**<br>**०८:३०** | ४६ | **कृषि तथा जलसोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्वन्ध समितिको संयुक्त बैठक**<br><br>आजको कृषि तथा जलसोत समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्वन्ध समितिको संयुक्त बैठक उखु र चियाको सम्वन्धमा कृषक एवं व्यवसायीले भोग्नु परेका समस्या र समाधानका उपायका सम्वन्धमा सम्वन्धीत सरोकारवालासंग छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णय :<br><br>१. आजको सयुंक्त वैठकमा चियासंग सम्वन्धित समस्याहरूवारे सरोकारवाला निकायसंग छलफल भयो। सो पश्चात यस सम्बन्धमा उद्योग मन्त्रालय, बाणिज्य तथा आपुर्ती मन्त्रालय, अर्थ मन्त्रालय, चिया उत्पादक किसान, मजदुर लगायत यससंग सम्बन्धित सरोकारवाला निकायसहितको उपस्थितिमा थप अध्ययन र छलफल गर्नुपर्ने देखिएकोले उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण समितिको संयोजनमा अर्को सयुंक्त वैठकको आयोजना गर्ने निर्णय गरियो।<br><br>२. उखुको समर्थन मूल्य समयमै निर्धारण गर्न नसक्दा, उखु कृषकलाई मल, विउ अनुसन्धान लगायतका आवश्यक सेवा सुविधा प्रदान गरि लागत घटाउने र उत्पादकत्वको गुणस्तर वढाउने अवस्था सृजना गर्न नसक्दा तथा चिनी उद्योगको कार्य क्षमता वढाउने गरि समाधानका उपायहरू खोज्न नसक्दा विगतमा जस्तै यसपटक पनि उखु उत्पादक किसान र उद्योगहरू समेत ठुलो मर्कामा परेका छन। यसको दीर्घकालिन हल खोज्नु जरूरी छ। तर हाल बिद्यमान अवस्थामा उखु किसान र उद्योगहरुले भोगेका समस्याको सन्दर्भमा कृषि विकास मन्त्रालद्वारा डा० हरिवावु तिवारीको संयोजकत्वमा गठित उखु तथा चिनीको उत्पादन लागत र मूल्य निर्धारण सम्बन्धी कार्यदलको प्रतिवेदनका सुझावलाई मुल आधार वनाई उखु उत्पादक किसानलाई उपलव्ध गराउने उखु प्रवर्द्धक मुल्य र मूल्य अभिवृद्धि कर वापत फिर्ता हुने प्रतिशतमा समेत पुनर्विचार गर्न अर्थ मन्त्रालयसंग आवश्यक समन्वय गर्दै यस बर्षको लागि उखुको मूल्य निर्धारण गरि अविलम्ब समस्याको हल गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिने।<br><br>३. कृषकलाई उखुको मूल्य भुक्तानी समयमा नभई समस्या आईरहेको सम्बन्धमा सो को सुनिश्चितताका लागि प्रत्येक जिल्लामा जिल्लास्तरीय अनुगमन समिति गठन गरि उखुको मुल्य भुक्तानीका लागि तालिका बनाई समयमै भुक्तानी गर्न लगाउन कृषि विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाई चैत्र मसान्तभित्र समितिलाई जानकारी गराउन निर्देशन दिने।<br><br>४. उखुको न्यूनतम समर्थन मूल्य तोक्ने विषयलाई आगामी आर्थिक बर्षदेखि कृषि विकास मन्त्रालय र उद्योग मन्त्रालयले समन्वय गरि समयमै सम्बोधन गर्न र दीर्घकालीन रुपमा यसको समाधानका लागि समेत |

| | | | |
|---|---|---|---|
| | | | विद्यमान संयन्त्रलाई प्रभावकारी बनाउन आवश्यक प्रकृया तत्काल अगाडि वढाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>५. उखु उत्पादनमा गुणात्मक वृद्धि गर्दै स्थिरता ल्याउन र चिनीको आयातलाई प्रतिस्थापन गर्ने उद्देश्यकासाथ छिमेकी भारतमा कृषक तथा चिनी उद्योगीहरूलाई दिइएका सुविधालाई समेत अध्ययन गरि नेपालमा कृषकलाई मल, विउ अनुसन्धान लगायतमा प्रदान गर्न सकिने सेवा सुविधामा आवश्यक अध्ययन गरि लागत घटाउने अवस्था सृजना गर्न तथा चिनी उद्योगको कार्य क्षमता वढाउने गरि दीर्घकालीन समाधान खोज्न उद्योग मन्त्रालय, बाणिज्य तथा आपुर्ती मन्त्रालय, अर्थ मन्त्रालय लगायत अन्य सरोकारवाला निकायसंग समेत समन्वय गर्दै आवश्यक अध्ययन गरि १ महिनाभित्र प्रतिवेदन पेश गर्न र सो अनुरुप आगामी आ.व.को वजेट तथा कार्यक्रममा समावेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ४७ | **२०७१।११।२५ गते ( सोमवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८:२०**<br><br>**अन्त : ११:२०** | ४७ | आजको बैठकमा बुढीगण्डकी जल विद्युत आयोजनाको सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णयः<br>आजको बैठकमा बुढी गण्डकी जलविद्युत आयोजनाको अवस्थाका वारेमा बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति र उर्जा मन्त्रालयको तर्फवाट हालसम्मको प्रगति विवरण प्रस्तुत भयो । यस आयोजनालाई प्रभावकारी रुपमा र प्राथमिकताका साथ अगाडि वढाउनु पर्छ भन्ने कुरामा आयोजना प्रभावित जिल्लाका माननीय सदस्यहरू, समिति र मन्त्रालय स्वयं प्रतिवद्ध रहँदा रहँदै पनि हालसम्मको प्रगतिको अवस्था सुने पश्चात यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजना भनिएको र सरकारको नीति तथा कार्यक्रममा यसै वर्ष निर्माण कार्य थाल्ने भनिए तापनि विद्यमान प्रगति र तयारीका आधार हेर्दा निकट भविष्यमा आयोजनाको निर्माण कार्य प्रारम्भ हुनसक्छ भन्ने कुरामा समिति पुर्ण रुपमा आश्वस्त हुन सकेन । अतः पश्चिम सेती, नलसिंङगाड, ईन्द्रावती लगायतका अन्य आयोजनाहरू र प्रसारण लाईनका वारेमा समितिका निर्धारित छलफल सकिएपश्चात सम्माननीय प्रधानमन्त्रीज्यूको समेत समुपस्थितिमा अर्थ, उर्जा, वन, वातावरण, भूमिसुधार, स्थानीय विकास लगायतका मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, नेपाल विद्युत प्राधिकरण, सम्बन्धित आयोजना र अन्य सरोकारवाला समेतलाई आमन्त्रण गरि तत्काल समितिको अर्को वैठकमा यस सन्दर्भमा विस्तृत छलफल गर्ने ।<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ४८ | **२०७१।१२।०३ गते ( मंगलवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८:३५**<br><br>**अन्त : १२:०५** | ४८ | आजको बैठकमा पश्चिम सेती जलविद्युत आयोजना, माथिल्लो कर्णाली र अरुण तेश्रो जलविद्युत आयोजनाको पिडिए भए पश्चात् भएको प्रगतिका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>**निर्णय :–**<br>पश्चिम सेती जलविद्युत आयोजनाको :इग गर्ने क्रममा तत्कालिन अवस्थामा कानुनी र प्रक्रियागत त्रुटि देखिएको र त्यसलाई एम्ब गर्दा सच्याउनुपर्छ भनेर यस अघि तत्कालिन प्राकृतिक स्रोत साधन समितिले निकालेको निष्कर्षलाई समेत मध्यनजर गर्दै, पहिलो पटक :इग भएको समयदेखि आजसम्म आईपुग्दा नेपालको उर्जा क्षेत्रमा विगतमा अरुण तेस्रो र माथिल्लो कर्णाली आयोजनाहरू निर्माणका सम्बन्धमा गरिएका एम्ब, एत्ब लगायत थुप्रै संरचनागत परिवर्तनहरू समेत भईसकेको विषयलाई समेत ध्यान दिंदै, पश्चिम सेती आयोजना तत्काल निर्माण गर्नुपर्ने राष्ट्रिय आवश्यकता र सुदुरपश्चिम वासीको उत्कट आकांक्षालाई समेत मध्यनजर गर्दै पश्चिम सेती जलविद्युत आयोजना निर्माण गर्ने कुरामा अव कुनै विलम्ब गर्नु हुदैन भन्ने कुरामा समिति प्रष्ट छ ।<br><br>यस आयोजना अगाडि वढाउने विषयमा विद्यमान कानुनी व्यवस्था अनुसार लगानीकर्तासंग अधिकार प्राप्त निकायवाट थप वार्ता वा संझौता जे जस्तो गर्नु पर्छ गरि परियोजनाको कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि वढाउने भनि विगतमा प्राकृतिक स्रोत साधन समितिले दिएको निर्देशन र यस समितिले मिति २०७१।०७।०२ गते पश्चिम सेती परियोजनालाई अगाडि वढाउनको निमित्त उर्जा मन्त्रालय र लगानीबोर्डले सयुंक्त रुपमा कार्यक्रम कार्यान्वयनको लागि निष्कर्ष सहित अविलम्ब समितिमा पेश गर्न दिएको निर्देशनलाई समेत ध्यान दिई परिवर्तित सन्दर्भमा नेपालको अधिकतम हित सुनिश्चित हुने गरि लगानी बोर्डले मन्त्रालय र सम्बन्धित सवै निकायसंग संवाद र समन्वय गरि निकासको प्रष्ट |

| | | | |
|---|---|---|---|
| | | | सुझाव सहित १ महिनाभित्र सोको प्रगति यस समितिमा पेश गर्न लगानी बोर्डलाई निर्देशन दिने । |
| ४९ | **२०७१।१२।१० गते ( मंगलवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ८:४५**<br><br>**अन्त : ११:००** | ४९ | आजको बैठकमा ताप्लेजुङ्ग जिल्लामा भएको आगलागि, कृषि विकास रणनीति, उप समितिहरुको म्याद थप, विभिन्न सिचाई तथा जलविद्युत आयोजनाहरुको अनुगमन भ्रमण सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णय :–<br><br>१. ताप्लेजुङ्ग जिल्लाको सदरमुकाम फुङ्गलिंग बजारको तोक्मेडाँडामा भएको आगलागी सम्वन्धमा निम्नानुसारको प्रस्ताव पारित गर्ने निर्णय गरियो ।<br>"समितिको यो बैठक ताप्लेजुङ्ग जिल्लाको सदरमुकाम फुङ्गलिंग बजारको तोक्मेडाँडामा मिति २०७१।१२।०९ मा भएको आगलागिवाट ४२ घर नष्ट भएको र करौडौंको क्षति भएको घटना प्रति सहानुभूति व्यक्त गर्दछ । उक्त आगलागी पीडितका लागि गाँसवास एवं तत्काल राहतकालागि अन्य आवश्यक सहयोगको व्यवस्था गरियोस भनी नेपाल सरकार समक्ष आग्रह गर्दछ" ।<br><br>२. कृषि विकास उप समितिवाट पेश भएको कृषि विकास रणनीति सम्वन्धी सुझाव प्रतिवेदनमा विभिन्न सरोकार मन्त्रालयहरुसंग भएको छलफल र समितिका सदस्यहरुको सुझावहरुलाई समेत समावेश गरि परिमार्जन गरि पारित गरियो ।<br><br>३. कृषि विकास उप समिति (कृषि वीमा सम्वन्धी), सिँचाई उप समिति, भूमिसुधार तथा व्यवस्था उप समिति, उर्जा उपसमिति र गुठी जग्गासँग सम्वन्धित अध्ययन उप समितिको म्याद २०७२ वैशाख मसान्त भित्र प्रतिवेदन वुझाउने गरि म्याद थप गर्ने ।<br><br>४. उर्जा मन्त्रालय अन्तर्गत विभिन्न जल विद्युत आयोजनाहरु (तामाकोशी र चमेलिया) र सिँचाई मन्त्रालय अन्तर्गतका आयोजना (सिक्टा सिँचाई आयोजना, रानीजमरा कुलरिया सिचाई आयोजना र बवई सिचाई आयोजना) हरुको प्रगति सन्तोषजनक नदेखिएकोले ती आयोजनाहरुको अनुगमन गरि समस्या समाधानको सुझावहरु सहितको प्रतिवेदन पेश गर्न देहायको अनुगमन टोली गठन गर्ने निर्णय भयो ।<br><br>५. व्यवस्थापिका–संसद सचिवालय अर्न्तगत लामो समयसम्म कार्यरत तथा यस कृषि तथा जलस्रोत समितिका समिति सचिव (सह सचिव) श्री रामशरण घिमिरे मिति २०७१।१२।१७ गते देखि अनिवार्य अवकाश प्राप्त गर्नु भएकोले उहाँले यस समितिमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै उहांको अवकाश प्राप्त जिवन सुखमय र सृजनात्मक रहोस भन्ने कामना गर्दै यस समितिवाट विदाई गरियो । |
| ५० | **२०७१।१२।२२ गते ( आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०९:००**<br><br>**अन्त : ०१:१०** | ५० | आजको बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तयार गरेको नेपालको भूमि प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा गरिने दोस्रो पुस्ताको सुधारका कार्यक्रमको मार्गचित्र एवं आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटका सन्दर्भमा बैठकमा छलफल भयो ।<br><br>तत्पश्चात समितिको बैठकमा आमन्त्रित विज्ञहरुका सुझाव, समितिका माननीय सदस्यहरुको धारणा, गरिव तथा भूमिहिनलाई सम्वोधन गर्ने कार्यक्रम तथा भू-उपयोगसँग सम्बन्धित कार्यक्रमलाई समेत अघि बढाउन प्रस्तावित कार्यक्रमा आवश्यक परिमार्जन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने र भूमिसुधार तथा व्यवस्था मन्त्रालयद्वारा आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटकालागि हाल प्राप्त बजेट सीमाले अपुग हुने भन्ने भनाइ रहेको सन्दर्भमा सो अनुरुप बजेट सीमामा सहजीकरण गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउने निर्णय भयो ।<br><br>तदनन्तर, समितिको बैठक २०७१ साल चैत्र २३ गते (सोमवार) विहान ८.०० बजे बस्ने गरी स्थगित भयो । |
| ५१ | **२०७१।१२।२७ गते - शुक्रवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:३५** | ५१ | आजको बैठकमा सिंचाई मन्त्रालयले तयार गरेको आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटका सन्दर्भमा छलफल भयो ।<br><br>तत्पश्चात्, आर्थिक वर्ष २०७२/०७३ का लागि सिंचाई, कृषि, भूमिसुधार लगायतका मन्त्रालयहरुसंग छलफल गरी बजेट तथा कार्यक्रमलाई अन्तिम स्वरुप दिनु अगावै सिंचाई, कृषि, भूमिसुधार, स्थानीय विकास लगायत अन्तर्सम्बन्धित मन्त्रालयसंग एकसाथ बसेर प्राथमिकता तय गर्न र त्यस अनुरुप नीति कार्यक्रम तथा स्रोत साधन विनियोजनमा आवश्यक संशोधन गर्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने निर्णय भयो ।<br><br>तदनन्तर, समितिको बैठक २०७२ साल वैशाख ३ गते (विहीवार) विहान ८.०० बजे बस्ने गरी स्थगित भयो । |

| | | | |
|---|---|---|---|
| | अन्त :<br>०१:२० | | |
| ५२ | २०७२।०१।०३ गते ( विहीवार)<br><br>समय :<br>विहान<br>०८:०० बजे<br><br>शुरु : ०८:३५<br><br>अन्त :<br>१२:४५ | ५२ | आजको बैठकमा कृषि विकास मन्त्रालयले तयार गरेको आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटका सन्दर्भमा छलफल भयो ।<br><br>तत्पश्चात समितिको बैठकमा कृषि विकास मन्त्रालयद्वारा आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रममा आमन्त्रित विज्ञहरुका सुझाव, समितिका माननीय सदस्यहरुको धारणा समेतलाई समावेश गरि अघि बढाउन प्रस्तावित कार्यक्रमा आवश्यक परिमार्जन गरि बजेट वनाउन निर्देशन दिने निर्णय भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ५३ | २०७२।०१।०६ गते ( आईतवार)<br><br>समय :<br>विहान<br>०८:०० बजे<br><br>शुरु : ०८:३५<br><br>अन्त : १:३० | ५३ | उर्जा मन्त्रालयले तयार गरेको आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रम र बजेटका सन्दर्भमा छलफल भयो ।<br><br>तत्पश्चात समितिको बैठकमा उर्जा मन्त्रालयद्वारा आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रममा आमन्त्रित विज्ञहरुका सुझाव, समितिका माननीय सदस्यहरुको धारणा समेतलाई समावेश गरि अघि बढाउन प्रस्तावित कार्यक्रमा आवश्यक परिमार्जन गरि बजेट वनाउने निर्णय भयो ।<br><br>आजको दोस्रो बैठकमा देहाय बमोजिम शोक प्रस्ताव पारित गरी एक मिनेट मौन धारण गरियो । "पूर्व प्रधानमन्त्री एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्व अध्यक्ष वर्तमान संविधानसभा सदस्य श्री सूर्यबहादुर थापाको मिति २०७२ वैशाख २ गते उपचारको क्रममा आकस्मिक एवं दुखद् निधन भएकोमा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै मृत आत्माको चीर शान्तिको कामना गर्दछ ।"<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ५४ | २०७२।०१।२७ गते ( आईतवार)<br><br>समय :<br>विहान<br>०८:०० बजे<br><br>शुरु : ०८:१०<br><br>अन्त :<br>१०:२० | ५४ | २०७२ बैशाख १२ गते गएको विनासकारी भुकम्पवाट कृषि उपज र पशुधनको क्षति एवं सो सम्बन्धमा तात्कालिन र दीर्घकालीन रुपमा गर्नु पर्ने कार्यका सम्वन्धमा कृषि विकास मन्त्रालयसंग छलफल भयो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br>१. २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट कृषि क्षेत्रमा समेत व्यापक क्षति हुन पुगेकोले आजको वैठकमा कृषि विकास मन्त्रालयले प्रस्तुत गरेको प्रारम्भिक क्षतिको विवरणमा छलफल भयो । भूकम्पवाट कृषि क्षेत्रमा के कति क्षति भएको छ अविलम्व व्यवस्थित र विस्तृत अध्ययन गरि त्यसको विवरण तयार गर्न र भूकम्पवाट भएको क्षतिलाई सम्बोधन गर्ने सन्दर्भमा भूकम्प प्रभावित क्षेत्र र पिडित किसानलाई राहत र कृषि क्षेत्रको पुर्नस्थापना पुनःनिर्माणका लागि मन्त्रालयले तयार गर्न लागेको अल्पलालिन, मध्यकालिन र दीर्घकालिन कार्ययोजनामा आजको वैठकमा आएका सुझाव र संसदमा प्रस्तुत संकल्प प्रस्तावमा कृषिको वारेमा उल्लेखित विषयलाई समेत समेटेर समितिको आगामी वैठकमा प्रस्तुत गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. भूकम्पवाट कृषि क्षेत्रमा पुगेको क्षति, किसानको अवस्था र किसानले राहत प्राप्त गरे नगरेको सन्दर्भमा भूकम्पवाट अति प्रभावित क्षेत्रमा यस समितिको तर्फवाट ३ वटा उपसमितिहरू (रसुवा–नुवाकोट, सिन्धुपाल्चोक–काभ्रे, गोरखा–धादिङ) वनाई यसै हप्ता भित्र स्थलगत अध्ययन अनुगमन गर्ने ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ५५ | २०७२।०२।०५ गते ( मंगलवार)<br><br>समय :<br>विहान<br>०८:०० बजे<br><br>शुरु : ०८:२०<br><br>अन्त : | ५५ | २०७२ बैशाख १२ गते गएको विनासकारी भुकम्पवाट हाल सम्मको क्षतिको सम्वन्धमा कृषि विकास मंत्रालयले तयार गरेको अल्पकालिन र मध्यकालिन कार्य योजनामा सम्वन्धमा मन्त्रालयसंग छलफल भयो। तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br><br>निर्णय :–<br>१.बैशाख १२ गते आएको विनाशकारी भूकम्प र त्यस यता आएका प्रतिकम्पनका कारण कृषि क्षेत्रमा भएको हालसम्मको क्षतिको वितरण र त्यसका सन्दर्भमा कृषि विकास मन्त्रालयले तयार गरेको अल्पकालिन र मध्यकालिन कार्य योजनामाथि छलफल भयो । दीर्घकालिन र मध्यकालिन योजनाका सन्दर्भमा थप छलफल गर्न हामीसंग समय भए पनि किसानले व्याड राख्ने समय भएको र धानको विउ, मल लगायत आवश्यक पर्ने कृषि सामाग्रीहरू तत्काल किसानलाई उपलव्ध नगराउँदा र कृषि सेवाकेन्द्रहरू तत्काल संचालन नहुँदा कृषकले आपतकालिन सेवा समेत नपाउने र कृषि उत्पादनमा गम्भिर असर पर्ने तथा खाद्य संकट पर्ने |

| | | | |
|---|---|---|---|
| | १०:२० | | संभावनालाई समेत मध्यनजर गरि समितिको यो बैठक कृषि विकास मन्त्रालयले राष्ट्रिय योजना आयोगमा पेश गरेको अल्पकालिन कार्ययोजनामा विउ, मल, कृषि सामाग्री, सामुदायीक खाद्य भण्डारण, सामुदायीक पशू सेल्टर लगायत समितिले दिएका सुझावहरूलाई समेत समावेश गरि अन्तिप रुप दिएर अविलम्व कार्यन्वयन गर्न नेपाल सरकारलाई निर्देशन गर्दछ ।<br><br>२. भूकम्पले कृषि क्षेत्रमा समेत गम्भिर क्षति पुऱ्याएको र यसलाई तत्काल संवोधन नगरे उत्पादन घट्ने र खाद्यान्न संकट लगायत जनजीविकामा नकारात्मक प्रभाव पार्नुका साथै दीर्घकालिन रुपमा देशको अर्थतन्त्रलाई समेत असर पार्ने हुँदा यस प्रति गम्भिर हुँदै आगामी बर्षका लागि तोकिएको वजेटको सिलीङको ४० प्रतिशत रकम पुनर्निर्माणका लागि छुट्टाउने भन्ने राष्ट्रिय योजना आयोगको प्रस्तावमा पुनर्विचार गरि सो सिलिङको रकम योजना अनुरुप कृषि उत्पादन क्षेत्रमा नै प्रयोग गर्ने अवस्थाको सुनिश्चित गर्न राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराउने ।<br><br>३. कृषि बिकास मन्त्रालयले तयार गरेको अल्पकालिन योजना कार्यतालिका अनुरुप कार्यान्वयन गर्न र सोको प्रगति विवरण प्रत्येक हप्ताको शुक्रवार समितिमा लिखित पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४.भूकम्प प्रभावित क्षेत्रमा पिडित किसानहरूको क्षतिको तथ्यपरक र व्यवस्थित विवरण संकलन गर्न तथा सरकारले उपलब्ध गराउने तात्कालिन राहत वास्तविक पिडितले प्राप्त गर्ने अवस्थाको सुनिश्चित गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिँदै राहत वितरण व्यवस्थित र प्रभावकारी वनाउनका लागि आवश्यकता अनुसार विवरण संकलन र वितरण कार्यमा स्थानीय किसान समुह र किसान सहकारीलाई समेत सहभागि गराउन कृषि विकास मन्त्रालयलाई सुझाव दिने ।<br><br>५. राहतको रुपमा प्रदान गरिएका कतिपय खाद्य सामाग्रीहरू गुणस्तरहीन र अखाद्य रहेको भन्ने जानकारी आएको सन्दर्भमा त्यसको प्रभावकारी अनुगमन गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ५६ | **२०७२।०२।२४ गते - आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:२५**<br><br>**अन्त : ११:४५** | ५६ | व्यवस्थापिका संसद, कृषि तथा जलस्रोत समितिको आजको बैठक समितिका माननीय सभापति श्री गगनकुमार थापाको सभापतित्वमा बस्यो ।<br><br>बैठकमा भएको छलफल एवं निर्णय निम्नानुसार छ :<br><br>आजको बैठकको प्रारम्भमाश्री मधुकर उपाध्याय र श्री केशरमान स्थापितले क्रमश: नेपालको भौगोलिक अवस्था र भूकम्प पछि त्यसबाट पर्न सक्ने प्रभावका बारेमा र नेपालको जलाधार क्षेत्र तथा त्यसबाट पर्नसक्ने प्रभावका बारेमा प्रस्तुती गर्नुभयो । तत्पश्चात् विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, वन मंत्रालय, भू-तथा जलाधार संरक्षण विभाग, सिंचाई मन्त्रालय, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय भू-उपयोग आयोजना प्रमुखबाट पहिरोको जोखिम र जल उत्पन्न प्रकोपका सम्वन्धका विभागीय रुपमा विषय प्रस्तुत गर्नु भएपछि सो विषयमा छलफल भयो । साथै आगामी २०७२।०२।२८ गते विहीबार भू-उपयोग नीतिका सम्बन्धमा छलफल गर्ने गरी बैठक तय भयो ।<br><br>तदनन्तर आगामी बैठकमा भूकम्पबाट जलविद्युत आयोजनामा भएको क्षतिका सम्बन्धमा छलफल गर्ने प्रयोजनका लागि समितिको बैठक २०७२ साल जेठ २६ गते मंगलवार विहान ८.०० बजे बस्ने गरी स्थगित भयो |
| ५७ | **२०७२।०२।२६ गते ( मंगलवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:२०**<br><br>**अन्त : १०:४५** | ५७ | भूकम्पवाट जलविद्युत आयोजनामा भएको क्षतिका सम्वन्धमा उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र स्वतन्त्र उर्जा उत्पादकहरुको संस्थासंग छलफल भयो । तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>निर्णय:<br><br>१. २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस यता पटक-पटक गएका भूकम्पनहरूबाट जलविद्युत क्षेत्रमा समेत व्यापक क्षति पुऱ्याएको सन्दर्भमा आजको बैठकमा उर्जा मन्त्रालयले प्रस्तुत गरेको क्षतिको प्रारम्भिक विवरणमा छलफल भयो । जलविद्युतसंग सम्वन्धित सवै निकायलाई समन्वय गर्दै क्षतिको विवरण स्पष्ट, व्यवस्थित र यथार्थपरक रुपमा तयार गर्ने र त्यसको समाधानका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति र कार्ययोजना तयार गर्ने प्रमुख दायित्व उर्जा मन्त्रालयको हो । अत: भूकम्पले पुऱ्याएको क्षतिको विस्तृत र व्यवस्थित अध्ययन गरि त्यसको विवरण तयार गर्न र क्षतिलाई सम्बोधन गर्न अविलम्व आवश्यक कार्ययोजना प्रस्तुत गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br>२. भूकम्पबाट सिर्जित विपदको व्यवस्थापन संगसगै मन्त्रालयले यस आ.व.मा सम्पन्न गर्ने भनी तय भएका |

| | | | |
|---|---|---|---|
| | | | सम्पूर्ण निर्धारित कामहरू (नीतिगत, क्षेत्रगत एवं संरचनागत सुधार लगायत) समयमा नै सम्पन्न हुने गरि निरन्तर रुपमा सुचारु गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>३. नेपाल प्राकृतिक विपद्को उच्च जोखिमको अवस्थामा रहेको तथ्यलाई आत्मसात गरेर, जल विद्युत आयोजना निर्माणको कममा जोखिम न्यूनीकरणका हर सम्भव र आवश्यक उपायहरु अवलम्वन गर्न र विपद् परि आएमा विपद् व्यवस्थापनका लागि पूर्व तयारीको अवस्थामा रहन उर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४. २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस यता पटक पटक गएका कम्पनहरूले उर्जा क्षेत्रमा समेत ठूलो क्षति भएको छ ।जलविद्युत क्षेत्रमा भएको क्षतिलाई तत्कालै सँबोधन गर्न सकिएन र समयमा विद्युत आपुर्ती हुन सकेन भने यसले जनजीवनलाई त प्रभावित पार्छनै देशको राजश्व र अन्य क्षेत्रमा समेत गम्भीर प्रभाव पार्ने निश्चित छ ।यो संवेदनशीलतालाई बुझी पुनर्निर्माणका काम अगाडि वढाउन, परियोजना संचालनका लागि पहुँच मार्ग सुचारु हुने अवस्थाको सिर्जना गर्न, भूकम्पपश्चात् क्षति पुगेका समुदायमा विद्युत वितरणलाई सहज वनाउन आवश्यक जनशक्तिको व्यवस्था गर्न र नीजि क्षेत्रलाई प्रोत्साहित गर्न, क्षतिग्रस्त ठाउँमा पुनःस्थापनाका आवश्यक सहुलियत र राहतको व्यवस्था गर्नका लागि यस क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न आवश्यक पहल गर्न व्यवस्थापिका-संसद राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिमार्फत् सरकारको ध्यानाकर्षण गराउन लेखी पठाउने ।<br><br>तदनन्तर आगामी बैठकमा भू उपयोग सम्वन्धमा छलफल छलफल गर्न समितिको बैठक २०७२ साल जेठ २६ गते मंगलवार विहान ८.०० बजे बस्ने गरी स्थगित भयो । |
| ५८ | **२०७२।०२।२९ गते - शुक्रवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:२०**<br><br>**अन्त : ११:१५** | ५८ | आजको बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका मन्त्रीज्यू, सचिवज्यू, कृषि विकास मन्त्रालयका सचिवज्यू, सिंचाई मन्त्रालय सचिवज्यू, शहरी विकास मन्त्रालय सचिवज्यू, राष्ट्रिय योजना आयोगका सचिवज्यू, सिंचाई मन्त्रालयका सचिवज्यू, खानी तथा भूगर्भ विभागका महानिर्देशकज्यू, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग महानिर्देशकज्यू, भू तथा जलाधार संरक्षण विभागका महानिर्देशकज्यू, नेपाल भौगर्भिक समाजका अध्यक्ष डा. दिनेश पाठकज्यू एवं विज्ञ डा.पिताम्वर शर्माज्यूसंग भू उपयोग नीतिका सम्वन्धमा छलफल गरियो । तत्पश्चात् देहाय बमोजिम गर्ने निर्णय भयो :-<br>**निर्णयः**<br><br>१. विनाशकारी भूकम्पले वढि प्रभावित १८ वटा जिल्लाहरूमा नेपाल सरकारले पुनर्निर्माणका लागि सोच वनाईरहेको सन्दर्भमा पुनर्निर्माण कार्य गर्नु अगाडि सम्वन्धित जिल्लाहरूको विद्यमान Land Capability Map(भू-क्षमता सम्वन्धी नक्सा) र Geological Map (भौगर्भिक नक्सा) को आधारमा कुन कुन जिल्लाको कुन कुन स्थानमा वसोवास लगायतका भू-उपयोगका कार्य गर्न उपयुक्त छ, खानी तथा भूगर्भ विभागसंग समन्वय गरि भुमिसुधार तथा व्यवस्था मन्त्रालयले प्राविधिक अध्ययन गरि प्रतिवेदन पेश गर्ने । यसरी अध्ययन गर्दा वसोवासका लागि उपयुक्त देखिएका ठाँउमा स्थलगत अध्ययन र Field Verification गरि उक्त स्थानहरूको आवश्यक पर्ने स्केलमा नाप नक्सा गर्ने । उपरोक्त वमोजिमको नाप-नक्साका आधारमा पुनर्निर्माणको कार्य अगाडि वढाउन र त्यसका लागि आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराउने ।<br><br>२. भूकम्पले अति प्रभावित भएका जिल्लाहरूमा रहेका जोखिमयुक्त बस्ती र जलाधार क्षेत्रको प्राथमिकता निर्धारण गरि त्यसको प्राविधिक रुपमा विस्तृत अध्ययन गरि कुन कुन वस्ती तुरुन्त सार्नुपर्नेछ सुरक्षित स्थानमा अस्थायी रुपमा वस्ति स्थानान्तरण गर्न र भू-उपयोगको अवस्था अनुसार दीर्घकालिन पुर्नस्थापनाको कार्ययोजना वनाउन व्यवस्थापिका-संसद राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति, २०७२ मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउने ।<br><br>३. भू-उपयोग नीति २०६९ पुनरावलोकन गरि कार्यन्वयन गर्ने भन्ने नेपाल सरकारको धारणा समेत रहेको र भूकम्प पश्चातको विद्यमान परिस्थितिमा प्राकृतिक प्रकोपका जोखिमलाई समेत ध्यान दिँदै भू-उपयोग नीतिमा परिमार्जन गर्न आवश्यक देखिएकोले समितिको बैठकमा आमन्त्रित विज्ञहरू र मा. सदस्यहरूले राख्नुभएका धारणालाई समेत मध्येनजर गरि नीतिमा के के सुधार गर्नुपर्छ र उक्त नीतिलाई तत्काल कार्यान्वयन गर्नका लागि नीतिगत र कार्यक्रमको तहमा के गर्नु आवश्यक छ सम्बन्धित निकायहरूसंग समेत छलफल गरि सोको विस्तृत खाका तयार गरि १५ दिन भित्र यस समितिमा पेश गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br><br>४. भू-उपयोग नीतिले मार्गनिर्देश गरेवमोजिम भू-उपयोग नक्सा छिटो वनाउन त्यसका लागि कानुनी र संरचनागत संयन्त्र निर्माण गर्न र सोको लागि आवश्यक प्राविधिक जनशक्ति र साधन स्रोतको व्यवस्था गर्न यस समितिले विगतमा दिएको निर्देशनलाई समेत स्मरण गराउदैं भू-उपयोग नक्सा वनाउने कार्य छिटो छरितो रुपमा गराउन उपलव्ध 'स्टेट अफ द आर्ट टेक्नोलोजी' को प्रयोग गर्न भूमिसुधार तथा व्यवस्था |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालयलाई निर्देशन दिँदै सो कार्यलाई प्राथमिकतामा राखि आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गर्न नेपाल सरकार अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई पुन: ध्यानाकर्षण गराउने ।<br><br>५. भूकम्प पश्चात् वढ्दो पहिरो र वाढीको जोखिमलाई मध्येनजर गरि समयमा नै सम्बन्धित निकायहरूसंग समन्वय गरि  आवश्यक पूर्व तयारी गर्न सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।<br><br>६. कृषि विकास उप समिति (कृषि वीमा सम्वन्धी), सिचाई उप समिति, भूमिसुधार तथा व्यवस्था उप समिति, उर्जा उपसमिति र गुठी जग्गासँग सम्वन्धित अध्ययन उप समितिको म्याद २०७२ असार मसान्त भित्र प्रतिवेदन वुझाउने गरि म्याद थप गर्ने ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो। |
| ५९ | **२०७२।०३।०९ गते (बुधवार)**<br><br>**समय :**<br>**विहान**<br>**०८:०० बजे**<br><br>**शुरु : ०८:१२**<br><br>**अन्त : १२:१५** | ५९ | **निर्णय:**<br><br>१. युवाहरूलाई व्यवसायीक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धि कार्यविधि, २०७१ कार्यान्वयन प्रगति सम्वन्धमा आजको वैठकमा यससंग सम्बन्धित निकायहरू अर्थ मन्त्रालय, नेपाल राष्ट्र वैंक, कृषि विकास मन्त्रालयका अधिकारीहरू र नेपाल वैंकर्स संघ, कृषि विकास वैंक, राष्ट्रिय वाणिज्य वैंकका प्रतिनिधि लगायत संग छलफल भयो । सम्बन्धित निकायवाट प्रस्तुत प्रगति विवरणका आधारमा हालसम्मको प्रगतिको अवस्था हेर्दा चालु आ.व.मा रु. १ अर्व व्याज अनुदान विनियोजित भएकोमा १० लाख भन्दा पनि कम खर्च हुने अवस्था आउनुले यस कार्यक्रम कार्यान्वयनको अवस्था अत्यन्त निराशजनक देखियो । समितिले छलफलपश्चात निम्न वमोजिमको निर्णय गर्‍यो ।<br><br>(क) चालु आ.व.को वजेट वक्तव्यमा नै घोषणा भएको र अत्यन्त महत्वको रुपमा हेरिएको यूवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि,२०७१ कार्यक्रमलाई सवैले सकारात्मक रुपमा लिएको अवस्थामा पनि किन यसको प्रभावकारी कार्यान्वयन हुन सकेन तत्काल सवै सरोकारवाला निकायलाई समन्वय गरि त्यसको समिक्षा गर्ने, कार्यक्रम कार्यान्वयनका क्रममा कर्जा अनुदानको सीमा र  दायरा वढाउने, परियोजना विस्तार कर्जा उपलब्ध गराउने, भौगोलिक सन्तुलन कायम गर्ने लगायतका कर्जा प्रदान गर्ने प्रकृयामा देखिएका जटिलतालाई सम्वोधन गर्न आवश्यक छ भने कार्यविधिको शंसोधन गर्दै यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न, जनतालाई कार्यविधिका सम्वन्धमा प्रयाप्त सुसुचित गर्न र कार्यक्रमलाई निरन्तर रुपमा अगाडि वढाउन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>(ख) मिति २०७१ कार्तिक २१ गते यस समितिले निर्देशन दिए वमोजिम यूवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि,२०७१ अनुसार नेपाल राष्ट्र वैंकको संयोजकत्वमा रहेको केन्द्रीय समन्वय तथा अनुगमन समितिले अविलम्व सवै जिल्लामा समन्वय तथा अनुगमन समितिको गठन गरि त्यसलाई क्रियाशील वनाउन र प्रत्येक जिल्लामा के कति निवेदन आए, के कतिले कर्जा पाए त्यसको विस्तृत र एकिकृत विवरण तयार गरि समितिमा पेश गर्न केन्द्रिय समन्वय तथा अनुगमन समिति लाई निर्देशन दिने ।<br><br>२. विनाशकारी भूकम्प पश्चात विपद् व्यवस्थापन सम्वन्धमा कृषि विकास मन्त्रालयले तयार गरेको अल्पकालिन कार्ययोजनाको प्रगतिका सन्दर्भमा मन्त्रालयका तर्फवाट वैठकमा जानकारी प्रस्तुत भयो । कृषि विकास मन्त्रालयले तयार गरेको अल्पकालिन योजना कार्यतालिका अनुरुप कार्यान्वयन गर्न र सो को प्रगति विवरण प्रत्येक हप्ताको शुक्रवार समितिमा लिखित पेश गर्न मिति २०७२ जेठ ५ गते वसेको समितिको वैठकले मन्त्रालयलाई निर्देशन दिएको सन्दर्भमा त्यस अनुरुप मन्त्रालयले कार्यान्वयन नगरेको प्रति यो समितिको गम्भीर ध्यानाकर्षण भएको छ । अत: भूकम्प प्रभावित जिल्लामा विपद् व्यवस्थापनका लागि कृषि विकास मन्त्रालयले तयार गरे अनुरुप कुन कुन जिल्लामा के के काम भए ? विस्तृत विवरण सहित आगामी शुक्रवार समितिमा लिखित प्रतिवेदन पेश गर्न कृषि विकास मन्त्रालयलाई पुन: निर्देशन दिने ।<br><br>३. आजको वैठकमा समितका मा. सदस्य अमृत वोहराले विनाशकारी भूकम्पले राजश्वको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउदै आएको अरनिको राजमार्ग स्थित तातोपानी नाका गम्भिर रुपमा प्रभावित भएको सन्दर्भमा वैठकमा उपस्थित अर्थमन्त्रालयका राजश्व सचिवको ध्यानाकर्षण गराउनु भयो । भूकम्प पछाडि तातोपानी-खासा हुँदै नेपाल र चीनको तिव्वत विचको व्यापारमा ठुलो अवरोध आएको र अहिले पनि ५०० भन्दा वढि सवारी साधनहरू खासामा रोकिएकोले सयौं व्यवसायीहरू प्रभावित भएको र दैनिक लाखौंको राजश्वमा नोक्सान भएको विषयमा वैठकको ध्यानाकर्षण भए पश्चात वैठकमा उपस्थित अर्थ मन्त्रालयका राजश्व सचिवले तातोपानी र रसुवाको वाटो खोली नाका सुचारु गर्ने सम्बन्धमा चीन सरकारसंग कुराकानी भएको र छिटो समाधान हुने कुरा जानकारी गराउनुभयो । यस सम्वन्धमा तत्काल पहल गरि अविलम्व नाका सुचारु गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने । |

| | | | |
|---|---|---|---|
| | | | ४. समितिको वैठकमा माननीय कृषि विकास मन्त्रीले सेभ द चिल्ड्रेन र अक्सफाम ईन्टरनेसनलले कृषि विकास मन्त्रालयको अनुमति विना नै भूकम्प प्रभावित जिल्लाहरूमा विउ वितरण गरेको र मन्त्रालयले वितरण नगर्न आग्रह गर्दा पनि नमानेकोले ती संस्थाले वितरण गरेको विउवाट उत्पादनमा पर्न जाने असरको जिम्मेवारी मन्त्रालयले लिन नसक्ने भन्ने जानकारी गराएको विषयलाई समितिले गम्भीर रुपमा लिएको छ । यसको वास्तविकता के हो छानविन गर्न र कृषि विकास र किसानको हित हुने गरि आवश्यक निर्णय गरि समितिलाई सोको जानकारी गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्रमार्फत ध्यानाकर्षण गराउने ।<br><br>५. भूकम्प पश्चात विभिन्न पहाडि भेगमा वाढि र पहिरोको जोखीम वढेको र त्यसवाट तराईमा समेत वाढीले पुऱ्याउने क्षतिका सम्भावित जोखिमलाई मध्येनजर गरि, विगतका अनुभववाट समेत सिकेर आवश्यक पूर्व तयारी गर्न कृषि विकास मन्त्रालयको ध्यानाकर्षण गर्ने ।<br><br>६. मिति २०७१ फागुन २० गते यस समिति र उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको सयुंक्त वैठकले उखूको समर्थन मूल्य निर्धारण गर्ने, उखू कृषकलाई मल, विउ अनुसन्धान लगायतका आवश्यक सेवा सुविधा प्रदान गर्ने, कृषकलाई उखूको मूल्य भुक्तानी समयमा गर्ने, उखू उत्पादनमा गुणात्मक वृद्धि तथा चिनी उद्योगको कार्य क्षमता वढाउने गरि दीर्घकालीन समाधान खोज्ने लगायतका विषयमा दिएका निर्देशन के कति कार्यान्वयन भए ७ दिनभित्र त्यसको लिखित प्रगति विवरण समितिमा पेश गर्न सम्वन्धित मन्त्रालयहरूलाई पुन: निर्देशन दिने ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ६० | **२०७२।०३।१७ गते (विहीवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:२०**<br><br>**अन्त : १०:३०** | ६० | व्यवस्थापिका संसदले दफावार छलफलको लागि यस समितिमा पठाएको भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन) गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल भई देहाय अनुसार निर्णय गरियो ।<br><br>निर्णयः<br><br>मिति २०७२।३।१७ गते बसेको समितिको बैठकले भूमि सम्वन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ सम्वन्धी देहाय बमोजिमको प्रतिवेदन, २०७२ लाई पारित गऱ्यो ।<br>"संविधानसभा/व्यवस्थापिका-संसद<br>कृषि तथा जलस्रोत समिति<br>भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ सम्बन्धी<br>प्रतिवेदन, २०७२<br>भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि प्राप्त संशोधन सहित विधेयकको औचित्य र आवश्यकताको आधारमा दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन व्यवस्थापिका-संसदमा पेश गर्न २०७१ साल मंसीर २ गते बसेको व्यवस्थापिका-संसदको बैठकको निर्णयानुसार समितिमा प्राप्त भएको थियो ।<br>१. समितिको मिति २०७१।८।२६ मा बसेको बैठकमा भूमिसुधार तथा व्यवस्था मन्त्रीले विधेयक प्रस्तुत गर्नुपर्नाको कारण र औचित्यका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा प्राप्त संशोधन सहित दफावार छलफल प्रारम्भ भएको थियो । तत्पश्चात् उक्त विधेयक माथि २०७१।९।२ र २०७१।९।६ मा विधेयकमा संशोधन प्रस्तुतकर्ता माननीय सदस्य समेतको उपस्थितिमा दफावार छलफल गरिएको थियो र मिति २०७२।३।१७ गतेका दिन विधेयकमाथि देहायको संशोधन सहित परिमार्जन गर्न उपयुक्त देखिएकोले सोही निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्ने भनी समितिले निर्णय गरे अनुसार यो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गरिएको छ ।<br>१. विधेयकको दफा १ मा रहेको "२०७१" भन्ने अङ्कको सट्टा "२०७२" भन्ने अङ्क राख्ने ।<br>२. विधेयकको दफा ४ मा मूल ऐनमा थप्ने भनिएको दफा १४क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :<br>"(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी जाँचबुझ गर्दा मनासिव ठहरेमा तोकिएको अधिकारीको आदेशले त्यस्तो जग्गा जफत भई नेपाल सरकारको स्वामित्वमा आउनेछ ।"<br>३. विधेयकको दफा ५ मा मूल ऐनको दफा १५ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) पछि थप्ने भनिएको खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छ :<br>"(क१) अधिकतम हदभन्दा बढीको जग्गामा मोही लागेको भए मोहीको हक जतिको जग्गा नरमगरम मिलाइ छुट्याई बाँकी जग्गा नेपाल सरकारको स्वामित्वमा आउनेछ ।"<br>४. विधेयकको दफा ९ मा मूल ऐनमा थप्ने भनिएको दफा २६घ४.को उपदफा (१) को अन्त्यमा रहेका "टोली खटाउन सक्नेछ ।" भन्ने शव्दहरुको सट्टा "टोली खटाई कार्य सम्पादन गर्नेछ ।" भन्ने शव्दहरु राख्ने ।<br>५. विधेयकको दफा १० मा मूल ऐनको दफा ५१ङ को सट्टा राख्ने भनिएको दफा ५१ङ को,- |

| | | | |
|---|---|---|---|
| | | | (१) उपदफा (१) मा रहेका "भूमिको महत्तम् (अप्टिमम्) उपयोगको" भन्ने शव्दहरुको सट्टा "समुचित उपयोगको" भन्ने शव्दहरु राख्ने ।<br>(२) उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्ने<br>(ञ) सार्वजनिक उपयोग (खुला तथा अन्य) क्षेत्र,<br>(३) उपदफा (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपी खण्ड क्रम मिलाउने,<br>(ट) जोखिम क्षेत्र,<br>(४) उपदफा (२) मा रहेको "भूमिको बनोट," भन्ने शव्दहरुको सट्टा "भूमिको भौगर्भिक बनोट," भन्ने शव्दहरु राख्ने ।<br>६. विधेयकको दफा ११ मा संशोधन गर्ने भनिएको मूल ऐनको दफा ५१च. को,-<br>(क) उपदफा (१) मा रहेको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :<br>(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष<br>(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :<br>"(२) उपदफा (१) को खण्ड (क) र (द) बमोजिम तोकिएको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ ।"<br>(ग) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :<br>"(६) परिषदका अध्यक्ष र सदस्यहरुको सेवा र शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"<br>७. विधेयकको दफा १२ मा मूल ऐनको दफा ५१छ. को सट्टा राख्ने भनिएको दफा ५१छ. देहाय बमोजिम राख्ने :<br>५१छ. अन्य उपयोगमा लगाउन नहुने : (१) यस ऐन बमोजिम एउटा प्रयोजनको लागि वर्गिकरण गरिएको जग्गा तोकिएको समितिले दिएको प्राविधिक प्रतिवेदन र भू-उपयोग परिषदको सिफारिस समेतको आधारमा नेपाल सरकारको स्वीकृति विना अर्को प्रयोजनको लागि उपयोगमा लगाउन पाइने छैन।<br>(२) उपदफा (१) बमोजिम प्राविधिक प्रतिवेदन दिने प्रयोजनका लागि माटोविद, कानूनविद, भू-गर्भविद्, कृषिविद्, भू-उपयोग योजनाविद्, वातावरणविद्, शहरी योजनाविद्, वन विशेषज्ञ, समाजशास्त्री, नापीविद समेत भएको समिति गठन गरिनेछ ।<br>८. विधेयकको दफा १३ मा मूल ऐनको दफा ५१ट. मा संशोधन गर्ने भनिएका "पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शव्दहरुको सट्टा भनिएका "एक लाख रुपैयाँसम्म जरिवाना" भन्ने शव्दहरु राखिएका छन् ।<br>मिति : २०७२।०३।१७(गगनकुमार थापा)<br>सभापति"<br>२. यस समितिमा परेका निवेदनपत्र तथा उजुरीहरुको छानवीन गरी छलफल गर्नु पर्ने विषय वस्तुलाई समितिमा प्रवेश गराउने र समितिका निर्णयहरु कार्यान्वयनको अवस्था अध्ययन गरी समितिमा प्रस्तुत गर्ने प्रयोजनका लागि देहाय बमोजिम ७ सदस्यीय निवेदनपत्र छानवीन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमिति गठन गर्ने निर्णय भयो ।<br>मा. श्री अमृतकुमार बोहरा - संयोजक<br>मा. श्री सुधीरकुमार सिवाकोटी - सदस्य<br>मा. श्री आनन्दप्रसाद पोखरेल - सदस्य<br>मा. श्री कृष्ण धिताल - सदस्य<br>मा. श्री कुन्तीकुमारी शाही - सदस्य<br>मा. श्री जंगीलाल राय - सदस्य<br>मा. श्री डिल्लीप्रसाद काफ्ले - सदस्य<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ६१ | **२०७२।०४।१० गते (आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:०५**<br><br>**अन्त : १०:३०** | ६१ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो ।<br>आज विहान बसेको वैठकमा सिंचाइ मन्त्रालयले तयार गरेको सिंचाइ सम्बन्धी कानूनलाई संसोधन र एकीकरण गर्न वनेको विधेयकको मस्यौदा तथा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ सिंचाई मन्त्रालयका तर्फबाट प्रस्तुत भएपछि सो माथि विस्तृत छलफल भयो ।<br>तत्पश्चात् गुठी जग्गा व्यवस्था सम्बन्धी उपसमितिका संयोजक माननीय श्री काशीनाथ अधिकारीले उपसमितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो र सो माथि समितिमा छलफल हुँदा देहाय वमोजिम निर्णय गरियो ।<br>**निर्णयः**<br><br>१. नेपाल सरकारले अङ्गीकार गरेको एकीकृत जलस्रोत विकास एवं व्यवस्थापन रणनीति अनुरुप जलस्रोतको अधिकतम, वहुपक्षीय र प्रभावकारी उपयोग गर्ने उद्देश्य पूरा गर्ने गरि आवश्यक कानूनको तर्जुमा गरि सदनमा पेश गर्न नेपाल सरकारलाई निर्देशन दिने र सो का लागि विशेष पहल गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउने । |

| | | | |
|---|---|---|---|
| | | | २. सिंचाइ मन्त्रालयले प्रस्तुत गरेको जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ माथि छलफलको क्रममा आएका सुझाव र यस अघि समितिले दिएका निर्देशनलाई समेत समावेश गरि नीतिको परिमार्जन सहित कार्यन्वयनमा लैजान सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।<br><br>३. गुठी जग्गा सम्बन्धी उपसमितिले पेश गरेको प्रतिवेदन छलफल पश्चात् पारित भयो । उक्त प्रतिवेदनमा गुठी जग्गाको समस्या समाधानका लागि संवैधानिक समस्या देखिएको र सो समस्या समाधानका लागि नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामा परिमार्जन गरी समस्या समाधान गर्न सकिने उल्लेख भएको र समितिमा छलफल हुँदा पनि सोही निष्कर्ष रहेकोले सिफारिश सहितको प्रतिवेदनको व्यहोरा नेपालको संविधान, २०७२ को विधेयकमा समावेश गर्न आवश्यक पहलका लागि सम्मानननीय सभामुखज्यू समक्ष लेखी पठाउने निर्णय भयो । |
| ६२ | **२०७२।०४।२५ गते (सोमवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:२०**<br><br>**अन्त : १२:१५** | ६२ | यस वर्ष नेपालका विभिन्न भागमा कम वर्षा भई सुख्खा भएको कारणले कृषि क्षेत्रको उत्पादन घटने भै आगामी वर्ष खाद्यान्न आपूर्तिमा कमी हुने सन्दर्भमा नेपाल सरकारबाट गरिने वैकल्पिक व्यवस्थाका बारेमा कृषि विकास मन्त्रालय र सिंचाई मंत्रालयसंग छलफल भयो । तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>**<u>निर्णय:</u>**<br>१. मध्य तराईका ८ जिल्लाहरू (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा) मा धान रोपाइको स्थिति अत्यन्तै न्युन रहेको परिप्रेक्षमा धान उत्पादनमा ह्रास आउने र खाद्य सुरक्षामा पर्न जाने प्रभावलाई सम्बोधन गर्न कृषि विकास मन्त्रालय र सिंचाइ मन्त्रालयले प्रयास गरेको र कृषि विभागका उप-महानिर्देशकको संयोजकत्वमा सुख्खाग्रस्त क्षेत्रमा तत्कालै गरिने कृयाकलाप तथा SRI पद्धतिको अवलम्वन सम्वन्धमा सहजिकरण तथा अनुगमन गर्न कार्यदल समेत गठन गरेको जानकारी आजको बैठकमा मन्त्रालयवाट प्राप्त भयो । तत्सम्बन्धमा उपरोक्त ८ जिल्ला सहित धान रोपाई न्यून भएका अन्य जिल्लाहरूमा समेत तत्कालिन समस्या समाधानका लागि मन्त्रालयवाट प्रस्तावित कार्यक्रम कार्यान्यनको प्रगति र परिणामका वारेमा १५ दिनभित्र यस समितिमा पेश गर्न कृषि विकास मन्त्रालयलाइ निर्देशन दिने ।<br>२. मध्य तराईका ८ वटा जिल्लाहरूमा सुख्खा हुने अवस्था देखिएकोले कृषि विकास र सिंचाइ मन्त्रालय अन्तर्गतको चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार Shallow Tube Well जडान गर्न छोटो प्रकृया अपनाइ तत्काले कार्यान्वियन गर्ने र यसका लागि आवश्यक थप बजेटका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने भन्ने माननीय उपप्रधान तथा कृषि विकासमन्त्रीज्यूको उपस्थितिमा कृषि विकास र सिंचाइ मन्त्रालयको मिति २०७२ साउन १२ गते वसेको वैठकबाट निर्णय भएको पृष्ठभूमिमा यस कार्यलाई प्राथमिकता दिई सम्बोधन गर्न अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाइ ध्यानाकर्षण गराउने ।<br>३. कृषि विकास मन्त्रालयले वैठकमा प्रस्तुत गरेको गरेको सुख्खा प्रभावित क्षेत्रका लागि प्रस्तावित वैकल्पिक योजनाको सन्दर्भमा के कस्तो प्रगति भयो सो को विवरण १ महिनाभित्र समितिमा पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>४. हरेक बर्ष सिंचाइको अभावका कारण विशेषत मध्य तराईका ८ जिल्लामा धान रोपाइ न्यून हुनेगरेको अवस्थामा भविष्यमा सिंचाइ अभावको कारणले धान उत्पादनलाई कुनै पनि समस्या नपरोस भन्नका लागि यी जिल्लाहरूमा कस्तो किसिमको सिंचाइ प्रणाली विकास गर्नु आवश्यक छ कृषि विकास मन्त्रालय, उर्जा मन्त्रालय र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समेत समन्वय गरि त्यसको विस्तृत कार्ययोजना १५ दिन भित्र यस समितिमा पेश गर्न सिंचाइ मन्त्रालयलाई निर्देशन दिने ।<br>५. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (ब्भ्एत्रृ) तथा कृषि विकास मन्त्रालयसंग छलफल गरि सोलार प्यानलवाट क्जबर्ायिध त्ादभ ध्र्भाा संचालन गर्ने संभावना कस्तो हुन्छ यस सम्वन्धी संभाव्यता अध्ययन गर्न र सोको प्रतिवेदन समितिमा पेश गर्न सिंचाइ मन्त्रालयलाई निर्देशन दिने ।<br>६. चुरे क्षेत्रमा बर्षामा आउने बाढीको पानी संकलन गरि तल्लो क्षेत्रका कृषिभूमिमा सिंचाइ गर्न मित्रराष्ट्र भारतको अनुभव समेतको अध्ययन गरि राष्ट्रपति तराई चुरे मधेस संरक्षण विकास समितिसंग समन्वय तथा छलफल गरि समितिमा जानकारी गराउन सिंचाइ मन्त्रालयलाई निर्देशन दिने ।<br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ६३ | **२०७२।०५।०६ गते (आईतवार)**<br><br>**समय : विहान** | ६३ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो ।<br>आजको बैठकमा भुमिसुधार तथा व्यवस्था मन्त्रालयले प्रस्तुत गरेको भू-उपयोग नीति, २०७२ को प्रस्तावित मस्यौदाका सम्बन्धमा छलफल भयो । तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>निर्णय:<br>१. यस समितिले मिति २०७२ जेठ २९ गते वसेको बैठकले निर्देशन दिए बमोजिम भुमिसुधार तथा व्यवस्था मन्त्रालयले प्रस्तुत गरेको भू-उपयोग नीति, २०७२ को मस्यौदामा प्राकृतिक विपदको जोखिम, खाद्य |

<table>
<tr><td></td><td>०८:०० बजे<br><br>शुरु : ०८:३०<br><br>अन्त : ११:३०</td><td></td><td>सुरक्षा, दिगो र सन्तुलित विकासको अवधारणा लगायतलाई मध्यनजर गर्दै यस अघि समितिले दिईएका निर्देशन र आज प्राप्त सुझावलाई समेत समावेश गरि नीतिलाई कार्यान्वयनमा लैजान भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br>२. भू-उपयोग नीति, २०७२ मन्त्रिपरिषद्वाट स्वीकृत भएपछि सो नीतिमा उल्लेखित विषयहरु के कति कार्यान्वयन भए सो सम्बन्धमा स्वीकृत भएपछिको तीन महिनाको अवधिमा भएका कार्यान्वयन र उपलव्धीको प्रगति विवरण यस समितिमा पेश गर्न र भु-उपयोग ऐनको विधेयक तयार गरि अविलम्व व्यवस्थापिका–संसदमा पेश गर्न भुमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br>३. दिगो भू-व्यवस्थापनका लागि राष्ट्रिय भूमि नीतिको अपरिहार्य आवश्यकता देखिएको सन्दर्भमा भू-उपयोग नीतिसंगको अन्तरसम्बन्ध समेतलाई विचार गरी भूमि नीतिको मस्यौदा तयार गरी अविलम्ब पेश गर्न भुमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७२ भाद्र ७ गते (सोमवार) विहान ०८:०० बस्ने गरी स्थगित भयो ।</td></tr>
<tr><td>६४</td><td>२०७२।०५।०७ गते<br>(सोमवार)<br><br>समय :<br>विहान<br>०८:०० बजे<br><br>शुरु : ०८:२५<br><br>अन्त : ११:०५</td><td>६४</td><td>समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो ।<br><br>आजको बैठकमा नेपाल कृषि अनुसन्धान परिषद्ले विगत १० वर्षमा गरेको अनुसन्धान र उपलव्धीका सम्वन्धमा कृषि विकास मन्त्रालयका सह सचिव, नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक, विज्ञहरु श्री हरी दहाल, श्री भैरव कैनी, श्री नर बहादुर रजवार, श्री रामप्रसाद पुलामी, श्री ख्याम शर्मा पौडेल, श्री कैलाशनाथ प्याकुरेल, श्री गणेश भट्टराई लगायतसँग छलफल गरिएको थियो तत्पश्चात् नेपाल कृषि अनुसन्धान परिषद्ले विगत १० वर्षमा गरेको अनुसन्धान र उपलव्धीका सम्वन्धमा छलफल हुँदा यो विषय निकै महत्वपूर्ण रहेकोले यस विषयमा अझै गहन छलफल हुनु पर्ने देखिएकोले अर्को बैठकमा पुनः छलफल गर्ने निर्णय भयो ।</td></tr>
<tr><td>६५</td><td>२०७२।०६।१५ गते<br>(शुक्रवार)<br><br>समय :<br>विहान<br>०८:०० बजे<br><br>शुरु : ०८:२५<br><br>अन्त : ....:०५</td><td>६५</td><td>समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा कृषि उपजमा आत्मनिर्भरता, आयात निर्यातको अवस्था तथा खाद्यान्न संकट सम्वन्धमा छलफल भयो साथै कृषि तथा जलस्रोत समितिको वार्षिक प्रतिवेदन, २०७२ को मस्यौदाको प्रति माननीय सदस्यहरुलाई वितरण गरियो ।<br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>निर्णयः<br>१. विगत केहि दिन देखिको अघोषित नाकावन्दी, छ हप्तादेखि विशेषतः तराई मधेस क्षेत्रमा चलिरहेको अन्दोलन र देशका विभिन्न ठाँउमा भइरहेको वन्दहड्ताल एवं अवरोधका कारण जनजीवन कष्टकर र अस्तव्यस्त वनिरहेको छ । मुलुक संकटपूर्ण अवस्थामा छ । यो समयमा जनताले खद्यान्न लगायतका कृषि उपजमा समेत अभाव झेल्नुपरेको छ । यसै विचमा दशै, तिहार, छठ लगायत चाड पर्वहरूको सम्मुखमा हामी छौं । यस अवस्थामा नाकावन्दीवाट सृजित संकट र नजिकिदै गरेका पर्वहरू समेतलाई मध्यनजर गरी हालको देशको आन्तरिक उत्पादनको अवस्था के छ ? आयात निर्यात र आपूर्तीको अवस्था कस्तो छ ? यो खाद्यन्न संकटको संवोधन र आपूर्ती सहज वनाउन सरकारले के कस्तो तयारी गरिरहेको छ ? बाणिज्य तथा आपूर्ती मन्त्रालयसंग समन्वय गरी एक हप्ता भित्र विस्तृत विवरण र योजना यस समितिमा पेश गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. नेपालमा कृषि उपजमा आत्मनिर्भरता, आयात निर्यातको अवस्था र विद्यमान खाद्य संकटका सन्दर्भमा आजको वैठकमा कृषि विकास मन्त्रालय र विज्ञहरूवाट जानकारी प्रस्तुत भयो । समितिका माननीय सदस्यहरू यस क्षेत्रका विज्ञहरू, अर्थ मन्त्रालयका प्रतिनिधिले समेत यस विषयमा धारणा राख्नु भयो । यो विषय अन्य मन्त्रालय र क्षेत्रसंग समेत संवन्धित रहेकोले यस सन्दर्भमा वाणिज्य तथा आपूर्ती मन्त्रालय, अर्थ मन्त्रालय, सिंचाई मन्त्रालय र नीजि क्षेत्रलाई समेत आमन्त्रण गरि विस्तृत छलफल गर्ने ।<br><br>३. माननीय सदस्यहरुलाई वितरण गरिएको समितिको वार्षिक प्रतिवेदनको मस्यौदा अध्ययन गरि असोज १९ गते मंगलवार सम्ममा केही सुझाव लिखित रुपमा समिति सचिवालयमा उपलव्ध गराउन अनुरोध गरियो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७२ असोज १७ गते (आईतवार) विहान ०८:०० बस्ने गरी स्थगित भयो ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ६६ | **२०७२।०६।१७ गते (आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:१५**<br><br>**अन्त : ११:०२** | ६६ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा नेपालमा जलविद्युतको अवस्था समस्या र मन्त्रालयको योजना सम्वन्धमा छलफल भयो । बैठकमा उर्जा मन्त्रालयका सचिव एवं सम्बद्ध पदाधिकारी, स्वतन्त्र उर्जा उत्पादक संस्थाका अध्यक्ष एवं उर्जा विज्ञ श्री सूर्यनाथ उपाध्यायको समेत उपस्थिति रहेको थियो ।<br><br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>निर्णयः<br>विगत केहि दिन देखि नेपाल भारत सिमानामा रहेको अघोषित नाकावन्दीलाई भारत सरकारले घोषित रुपमा फिर्ता गरेको जानकारी सार्वजनिक भएको छ । नाकावन्दीले सिर्जना गरेको संकटले जनजीवन थप कष्टकर त वन्यो नै नेपालको उर्जा क्षेत्रमा रहेको अत्यन्त गम्भीर जोखिम (खालिभचबदषष्तिथ) लाई पुनः एकपटक उजागर गरेको छ । यसले एउटै देशमा निर्भर रहँदा, वैकल्पिक व्यवस्था, भण्डारण र प्रतिस्थापनका उपायहरू नहुँदा हाम्रो जस्तो मुलुकले  कस्तो जटिलता भोग्नु पर्दो रहेछ भन्ने पाठ पनि सिकाएको छ । अवका दिनमा यस्तो नहोस भन्ने हो भने उर्जा सुरक्षाको विषयमा अहिले देखि नै निरन्तर काम गर्नु जरुरी छ । समितिको यो वैठक यो विषयलाई अत्यन्त संवेदनशील, दीर्घकालीन प्रभाव पार्ने किसिमको विषयवस्तु भएको कुरालाई आत्मसात गर्दै, विगतको प्राकृतिक स्रोत साधन समितिले दिएको निर्देशनलाई समेत स्मरण गर्दै अविलम्व दीर्घकालिन राष्ट्रिय उर्जा सुरक्षा नीति निर्माण गर्न अपरिहार्य भएको महशूस गर्दछ । यसको लागि उर्जा मन्त्रालयको नेतृत्वमा जल तथा उर्जा आयोग, नेपाल आयल निगम, नेपाल विद्युत प्राधिकरण, वन तथा भू-संरक्षण मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्धन केन्द्र लगायतका निकाय र प्राज्ञिक एव निजी क्षेत्रसंग समेत समन्वय गरि अविलम्ब राष्ट्रिय उर्जा सुरक्षा नीति तयार गरि पेश गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो । साथै दीगो उर्जा सुरक्षाको विषयलाई राष्ट्रिय प्राथमिकतामा राखि सो अनुरुपको नीति, योजना र कार्यक्रम अगाडि वढाउन नेपाल सरकारलाई समिति ध्यानाकर्षण गराउने समेत निर्णय भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७२ असोज १८ गते (सोमवार) विहान ०८:०० बस्ने गरी स्थगित भयो । |
| ६७ | **२०७२।०६।१८ गते (सोमवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:**<br><br>**अन्त : ....:०५** | ६७ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा अरुण तेस्रो जल विद्युत आयोजना र माथिल्लो कर्णाली जलविद्युत आयोजनाको पि.डि.ए पश्चात् भएका प्रगति सम्वन्धमा छलफल भयो । बैठकमा लगानी बोर्डका कार्यकारी अधिकृत श्री राधेश पन्तले अरुण तेस्रो जल विद्युत आयोजना र माथिल्लो कर्णाली जलविद्युत आयोजनाको पि.डि.ए पश्चात् भएका प्रगति सम्बन्धमा जानकारी गराउनु भएको थियो ।<br><br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>निर्णयः<br>१. लगानी बोर्डले परियोजना सम्झौता गर्दा र हाल अगाडि वढाईरहेका जलविद्युत आयोजनाहरूका सन्दर्भमा लगानीकर्ताहरूसंग गरेका सम्झौता पुनरावलोकन गर्दा नयाँ संविधानमा जलविद्युतको विषयमा उल्लेखित प्रावधानहरू र विगतमा प्राकृतिक स्रोत साधन समिति र यस समितिले विभिन्न समयमा दिएका निर्देशनलाई समेत मध्येनजर गरी परिवर्तित सन्दर्भमा नेपाल र नेपाली जनताको अधिकतम हित हुनेगरि संझौता गर्न लगानी बोर्डलाई निर्देशन दिने ।<br><br>२. विगत केहि दिनदेखि नेपाल भारत सिमानामा रहेको अघोषित नाकावन्दीवाट सृजित परिस्थितिवाट सिक्दै अवका दिनमा परियोजना सम्झौता र पुनरावलोकन गर्दा नाकावन्दी जस्ता समस्यावाट सृजना हुने अवरोध र त्यसको दायियत्वका सन्दर्भमा समेत ध्यान दिन लगानी बोर्डलाई निर्देशन दिने ।<br><br>३. आजको वैठकमा लगानी बोर्डले हाल बोर्डले अगाडि वढाई रहेका परियोजनाका सन्दर्भमा सरकारका विभिन्न निकायसंग सम्बन्धित प्रकृयागत समस्याका कारण परियोजना समयमा सम्पन्न गर्न कठिनाई हुनसक्ने कुरालाई संकेत गरेको तर्फ समितिको ध्यानाकर्षण भएको छ । हाल लगानी बोर्डले अगाडि वढाएका कुन कुन परियोजनामा कुन कुन निकायवाट के कस्ता समस्या उत्पन्न भएका छन र नेपाल पक्षले पूरा गर्नुपर्ने कुन कुन कुराहरू पूरा नभएका कारणले परियोजना अगाडि वढाउन ढिलाइ भएको छ |

| | | | |
|---|---|---|---|
| | | | ? त्यसको सम्पूर्ण विवरण ७ दिनभित्र समितिमा पेश गर्न लगानी बोर्डलाई निर्देशन दिने ।<br><br>४. अपर कर्णाली आयोजना प्रभावित क्षेत्रका वासिन्दाकालागि शेयर वितरण गर्ने सम्वन्धमा कुन प्रक्रियाबाट के कति शेयर वितरण गरिने व्यवस्था हुंदैछ । सो सम्वन्धमा लगानी वोर्डले गरेको प्रस्ताव उर्जा मन्त्रालयवाट प्रधानमन्त्री कार्यालयमा पुगेको सम्वन्धमा स्पष्ट खुलाई पठाउन पत्राचार गर्ने ।<br><br>५. नेपालको उर्जा आवश्यकता सम्वन्धमा नेपालको हालको उर्जा आवश्यकता कति मेगावाट छ र आगामी १० वर्षको प्रति वर्ष वृद्धिको प्रक्षेपण के कति छ सो सम्वन्धी अध्ययन प्रक्षेपण ७ दिन भित्र उपलव्ध गराउन उर्जा मंत्रालयमा लेखि पठाउने ।"<br><br>६. अपर कर्णाली आयोजनाबाट तल्लोतटीय सिंचाई आयोजनाहरुमा पर्न सक्ने प्रभावका सम्वन्धमा अपर कर्णालीको एम्ब भए पश्चात प्रभाव अध्ययन गर्ने व्यवस्था अनुसार हालसम्म भएका अध्ययनको प्रगति अथवा अध्ययन भैसकेको भए सो को अध्ययन प्रतिवेदन ७ दिन भित्र उपलव्ध गराई दिन लेखि पठाउने ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ६८ | **२०७२।०७।१५ गते (आईतवार)**<br><br>**समय : विहान ०८:०० बजे**<br><br>**शुरु : ०८:**<br><br>**अन्त : ....:०५** | ६८ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा बुढी गण्डकी विद्युत आयोजना सम्वन्धमा छलफल भयो ।<br><br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>निर्णय:<br>बुढीगण्डकी जलविद्युत आयोजनालाई प्राथमिकताका साथ अविलम्ब अगाडि वढाउनु पर्छ भन्ने कुरामा कुनै द्वीविधा छैन । राष्ट्रिय संकल्प र प्राथमिकता हुने हो भने नेपालको आन्तरिक स्रोत परिचालनवाट नै यो आयोजना वनाउन संभव छ । तर जुन गतिमा आयोजनाको काम अगाडि वढिरहेको छ यस किसिमको गतिले आयोजना बन्न सक्छ भन्ने कुरामा समिति आश्वस्त हुन सकेन । अतः बुढीगण्डकी आयोजनालाई अविलम्ब अगाडि वढाउन यस अघि समितिको वैठकले दिएको निर्देशनलाई समेत स्मरण गराउँदै समितिको यो वैठक नेपालमा विद्यमान उर्जा संकट, नेपालको उर्जा क्षेत्रमा रहेको गम्भिर जोखिमपूर्ण (ख्वलिभचबदभि) अवस्था र राष्ट्रिय आवश्यकतालाई समेत ध्यान दिँदै वुढीगण्डकी जलविद्युत आयोजनालाई राष्ट्रिय प्राथमिकतामा राखि देशको आन्तरिक स्रोतवाटै आयोजना सम्पन्न गर्न सम्बन्धित सवै पक्षसंग छलफल गरि अविलम्ब आयोजना अगाडि वढाउन नेपाल सरकारलाई समिति पुनः निर्देशन गर्दछ ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ६९ | **२०७२।०८।२७ गते (आईतवार)**<br><br>**समय : विहान ०८:३० बजे**<br><br>**शुरु : ०९: १५**<br><br>**अन्त : १फ३०** | ६९ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधीन आयोजना र प्रसारण लाईनको अवस्था, विनाशकारी भूकम्पले क्षति पुर्‍याएका आयोजनाको अवस्था र पुनः निर्माण, तथा पछिल्ला दिनमा काठमाण्डौं लगायत देशका विभिन्न ठाउँमा विद्युत आपूर्ति र वितरणमा देखिएको समस्याका सम्वन्धमा छलफल भयो ।<br><br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br><br>निर्णय:<br><br>१. विनाशकारी भूकम्पका कारण निर्माणाधिन माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनाको पावर हाउसदेखि बाँधसम्म पुग्ने ५ किलोमिटर सडक खण्ड पूर्ण रुपमा क्षति भएको र सो सडक मर्मत नभएसम्म उक्त आयोजना निर्माण कार्य अगाडि बढ्न नसक्ने हुँदा सो सडक निर्माणका लागि नेपाल सरकारलाई पटक पटक अनुरोध गरेपनि कुनै परिणाम नआएको जानकारी नेपाल विद्युत प्राधिकरणवाट वैठकमा प्राप्त भयो ।<br>यस विचमा हाले नेपाल सरकारले गल्छीदेखि रसुवागढीसम्म पुग्ने छोटो दुरीको सडक निर्माणका लागि नेपाली सेना र सडक विभागलाई जिम्मा दिएको छ । माथिल्लो त्रिशुली ३ ए को पावरहाउस देखि बाँधसम्म पुग्ने ५ किलोमिटर क्षतिग्रस्त सडक खण्ड पनि सोहि सडक मार्गमा पर्दछ । अतः माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनाको निर्माण कार्य अगाडि वढाउन अविलम्ब पहुँच मार्ग खुलाउनु अत्यावश्यक भएकोले बाँधसम्मको ५ किलोमिटर सडक खण्डलाई प्राथमिकता राखि गल्छीदेखि रसुवागढीको सडक मार्ग निर्माणको जिम्मा पाएका निकाय नेपाली सेना र सडक विभागलाई नै सो सडक खण्डको निर्माण कार्य तत्काल गर्ने गरि आवश्यक पहल गर्न र निर्देशन दिन समितिको यो वैठक नेपाल |

| | | | |
|---|---|---|---|
| | | | सरकारलाई निर्देशन दिने निर्णय गर्दछ ।<br><br>२. नेपाल विद्युत प्राधिकरण र नीजि क्षेत्रवाट निर्माण भएका विद्युत आयोजना संचालन, मर्मत संभार, विद्युत आपुर्ति र वितरण कार्य सहज वनाउन अत्यावश्यक न्युनतम इन्धन(डिजेल) समेत अभाव भएको र नेपाल सरकारलाई पटक पटक न्युनतम इन्धन उपलव्ध गराउन अनुरोध गर्दा पनि सरकारले उपलब्ध नगराएका कारण थप समस्या भएको भन्ने जानकारी नेपाल विद्युत प्राधिकरणले दिएको छ । अतः जनताले दैनिक रुपमा भोग्नुपरेको समस्यालाई संवेदनशील रुपमा लिँदै नेपाल विद्युत प्राधिकरणले विद्युत आपुर्ति र वितरण कार्य सहज वनाउन तथा निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्न कुनै अवरोध नआओस भन्नका लागि अत्यावश्यक न्युनतम इन्धन उपलव्ध गराउने कुरालाई उच्च प्राथमिकतामा राखि सम्बन्धित निकायलाई निर्देशन दिन सम्माननीय प्रधानमन्त्रीलाई यो बैठक ध्यानाकर्षण गराउँछ ।<br><br>३. चमेलिया जलविद्युत आयोजनाको सन्दर्भमा सार्वजनिक लेखा समितिले दिएको निर्देशनका कारण काम रोकिएको र खुम्चिएको सुरुङ सम्बन्धी भुक्तानी खुला भएमा १ बर्ष भित्रमा आयोजना सम्पन्न भई उत्पादनमा जोड्न सकिने भन्ने जानकारी नेपाल विद्युत प्राधिकरणवाट वैठकमा प्राप्त भयो । आयोजना सम्बन्धमा देखिएको समस्या स्वभाविक रुपमा यस समितिको चासोको विषय रहेकोले समितिको आजको वैठक चमेलिया जलविद्युत आयोजनामा देखिएको समस्या र समाधानका लागि अविलम्ब सार्वजनिक लेखा समिति र कृषि तथा जलस्रोत समितिको सयुंक्त वैठकको पहल गरिदिनको लागि सम्माननीय समामुखलाई अनुरोध गर्ने निर्णय गर्दछ ।<br><br>४. नेपालमा विद्युत आयोजनाको हालको अवस्था स्पष्ट हुने गरी सर्वेक्षण लाइसेन्स देखि उत्पादनसम्मको अवस्था खुल्ने गरी आगामी बुधबार सम्ममा समितिमा पेश गर्न विद्युत विकास विभागलाई निर्देशन दिने ।<br><br>५. प्रसारण लाईनको अवस्था र विद्युत प्राधिकरणको तयारी, नेपाल विद्युत प्राधिकरणले संचालन र निर्माण गरिरहेका आयोजनाहरूको अवस्था र समस्या र अध्ययन गरिरहेका आयोजनाका सन्दर्भमा आयोजना विषेशको जानकारी बुधवारसम्म समितिमा पेश गर्न नेपाल बिद्युत प्राधिकरणलाई निर्देशन दिने निर्णय भयो ।<br><br>६. तत्पश्चात् कृषि तथा जलस्रोत समितिको बार्षिक प्रतिवेदन, २०७२ पारित भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना जारी गरी बस्ने गरी स्थगित भयो । |
| ७० | **२०७२।०९।०२ गते (विहीवार)**<br><br>**समय : विहान ०८:३० बजे**<br><br>**शुरु : ०८:५०**<br><br>**अन्त : ११:२५** | ७० | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधीन आयोजना र प्रसारण लाईनको अवस्था, विनाशकारी भूकम्पले क्षति पुऱ्याएका आयोजनाको अवस्था र पुनः निर्माण, तथा पछिल्ला दिनमा काठमाण्डौं लगायत देशका विभिन्न ठाउँमा विद्युत आपूर्ति र वितरणमा देखिएको समस्याका सम्वन्धमा छलफल भयो ।<br><br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>निर्णयः<br><br>१. नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधीन आयोजना र प्रसारण लाईनको अवस्था, विनाशकारी भूकम्पले क्षति पुऱ्याएका आयोजनाको अवस्था र पुनः निर्माण, तथा पछिल्ला दिनमा काठमाण्डौं लगायत देशका विभिन्न ठाउँमा विद्युत आपूर्ति र वितरणमा देखिएको समस्याका सम्वन्धमा उर्जा मन्त्रालयका सचिव, विद्युत विकास विभागका महानिर्देशक, स्वतन्त्र उर्जा उत्पादक संस्था, नेपालका महासचिवले उक्त विषयमा आ आफ्नो प्रस्तुती राख्नु भयो ।<br><br>२. नेपालमा उर्जा संकट र समाधानका सन्दर्भमा नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधीन आयोजना र प्रसारण लाईनको अवस्था, विनाशकारी भूकम्पले क्षति पुऱ्याएका आयोजनाको अवस्था र पुनः निर्माण, तथा पछिल्ला दिनमा काठमाण्डौं लगायत देशका विभिन्न ठाउँमा विद्युत आपूर्ति र वितरणमा देखिएको समस्याका सम्वन्धमा थप छलफल गर्न सम्माननीय प्रधानमन्त्री, उर्जा मन्त्रालयका उपप्रधान एवं उर्जा मन्त्री, उर्जा मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्रालयका सचिव, वन तथा भू-संरक्षण मन्त्रालयका सचिव र विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका सचिवलाई आमन्त्रण गरि छलफल गर्ने निर्णय भयो ।<br><br>३. यस समितिद्वारा गठित निवेदनपत्र छानवीन तथा निर्णय कार्यान्वयन अध्ययन उपसमिति रहनु भएका माननीय श्री आनन्दप्रसाद पोखरेल संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री र माननीय श्री |

| | | | |
|---|---|---|---|
| | | | कुन्तीकुमारी शाही संङघीय मामिला तथा स्थानीय विकास राज्य मन्त्री नियुक्त हुनु भएकोले उहांको ठाउंमा माननीय श्री काशीनाथ अधिकारी र माननीय श्री गीता सिंह उक्त समितिमा समावेश गर्ने निर्णय भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७२ पौष ५ गते (आईतवार) बस्ने गरी स्थगित भयो । |
| ७१ | **२०७२।०९।०५ गते (आईतवार)**<br><br>**समय : विहान ०८:३० बजे**<br><br>**शुरु : ०९:००**<br><br>**अन्त : १०:१०** | ७१ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा नेपालमा देखिएको उर्जा संकटको विषयमा देखिएको समस्याकाका वारेमा आन्तरिक छलफल भयो ।<br><br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>निर्णयः<br><br>नेपालमा उर्जा संकट र समाधानका सन्दर्भमा समितिको तर्फवाट गरिने प्रस्तुतीका सम्वन्धमा छलफल भयो ।<br><br>तदनन्तर, समितिको अर्को बैठक २०७२ पौष ६ गते (सोमवार) विहान ११:०० बजे बस्ने गरी स्थगित भयो । |
| ७२ | **२०७२।०९।०६ गते (सोमवार)**<br><br>**समय : विहान ०८:३० बजे**<br><br>**शुरु : ०८:५५**<br><br>**अन्त : ११:३०** | ७२ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा कृषि विकास मंत्रालयको पहिलो चौमासिकमा भएका र हुन नसकेका कार्यक्रमको प्रगति समिक्षा, मध्य तराईका जिल्लामा गहुंको विउमा देखिएका समस्या, मलको वितरण र मलखादमा देखिएको समस्या, भूकम्प प्रभावित जिल्लामा वितरण गरिएको राहत र यस सन्दर्भमा समितिले दिएका निर्देशनको कार्यान्वयनको अवस्था तथा कृषि ऋण र कृषि वीमाको कार्यान्वयनको अवस्थाका एवं मा. श्री भरतवहादुर खड्का प्रस्तावक र माननीय श्री रामहरि सुवेदी तथा मा. श्री रामनारायण विडारी समर्थक भई दिनु भएको प्राङ्गारिक मल सम्बन्धी विषय तथा निजी क्षेत्रलाई रासायनिक मलमा अनुदान उपलब्ध गराइयोस भन्ने विषयमा छलफल भयो ।<br>तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>निर्णयः<br>१. नेपालमा मल कारखाना निर्माण गर्ने सन्दर्भमा विस्तृत संभाव्यता अध्ययन गर्न लगानीबोर्डले निर्णय गरिसकेको बुझिएको, मल नीतिले मार्ग निर्देश गरे अनुरुप हालसम्म मल ऐन र मल नीति कार्यान्वयन कार्ययोजना समेत बन्न नसकेको सन्दर्भ, मल आपुर्ति, भण्डारण वितरण तथा गुणस्तरियताका सम्बन्धी देखिएका समस्याहरू, नीजि क्षेत्रको भुमिका, नेपालमै उत्पादन भएका प्राङ्गारिक मलको व्यवस्थापन, मल ढुवानीका लागि भएका कुटनैतिक प्रयास र विगतमा भएका अध्ययनलाई समेत मध्येनजर गरि नीतिगत र कार्यक्रमगत रुपमा विस्तृत अध्ययन र आवश्यकता अनुसार स्थलगत अवलोकन गरि एक महिनाभित्र प्रतिवेदन पेश गर्न एक अध्ययन उप समिति गठन गर्ने ।<br><br>२. विनाशकारी भूकम्पले वढि क्षति पुऱ्याएका जिल्लाहरूमा कृषि विकास मन्त्रालयले संचालन गरेका राहत र पुर्नस्थापना सम्बन्धि तत्कालिक कार्यक्रमहरूको कार्यक्रमगत र जिल्लागत प्रगति के कस्तो भईरहेको छ त्यसवारेमा मन्त्रालयले पेश गरेको प्रगतिको समिक्षा तथा आवश्यकता अनुसार अध्ययन थप अध्ययन र स्थलगत अवलोकन गरि १ महिनाभित्र प्रतिवेदन पेश गर्न एक अध्ययन उप समिति गठन गर्ने ।<br>३. विउ विजन वितरणका सम्बन्धमा आजको वैठकमा उठेका विषयहरूमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ । समितिले यसमा देखिएका नीतिगत लगायत, उत्पादन भण्डारण क्षमता अभिवृद्धि र वितरण सम्बन्धि समस्याका सन्दर्भमा विस्तृत अध्ययन गरि अर्को वैठकमा छलफल गर्ने ।<br>४. तत्कालका लागि हाल मौजुदा रहेको विउलाई सहज रुपमा अविलम्ब किसानलाई वितरण गर्ने व्यवस्था मिलाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>तदनन्तर, समितिको अर्को बैठक २०७२ पौष ७ गते (मंगलवार) विहान ११:०० बजे बस्ने गरी स्थगित भयो । |
| ७३ | **२०७२।०९।०७ गते (मंगलवार)**<br><br>**समय : विहान ११:०० बजे**<br><br>**शुरु : ११:४५**<br><br>**अन्त : ०२:२०** | ७३ | समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । आजको बैठकमा नेपालको समग्र विद्युत विकासको अवस्था, समस्या, समाधानका विषय, निर्माणाधीन आयोजनाको अवस्था प्रसारण लाईनको अवस्था, विद्युत आयोजनाहरुको सर्वेक्षण लाइसेन्स देखि उत्पादनसम्मको अवस्था लगायतका विषयमा सम्मानीय प्रधानमन्त्रीज्यू, माननीय उपप्रधान एवं उर्जा मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, उर्जा मंत्रालय, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालयका सचिवज्यूहरु, नेपाल विद्युत प्राधिकरणका उप कार्यकारी निर्देशक र स्वतन्त्र उर्जा उत्पादक संस्था नेपालका अध्यक्ष लगायत सम्बद्ध पदाधिकारीसंग छलफल भयो । तत् पश्चात देहाय बमोजिम गर्ने निर्णय भयो ।<br><br>१ आजको बैठकमा समितिको तर्फवाट गरिएको प्रस्तुतीको आधारमा मासिक कार्य प्रगतिको तालिका निर्माण गरी उक्त तालिकाको आधारमा कार्य प्रगतिको विवरण प्रत्येक महिनाको दोश्रो हप्ता यस |

| | | | |
|---|---|---|---|
| | | | समितिमा वुझाउन नेपाल सरकारलाई निर्देशन दिने ।<br><br>२ जल विद्युत वाहेक सौर्य लगायतका अन्य स्रोतवाट उत्पादन हुने उर्जालाई राष्ट्रिय प्रसारण र वितरण प्रणालीमा जोडदा आउनसक्ने प्राविधिक समस्या तथा हाम्रो माग र आपूर्तिको हालको अवस्थामा त्यसको उपादेयताका सम्वन्धमा समेत के गर्दा उपयुक्त हुन्छ अन्य सरोकारवाला निकायहरुसंग समेत छलफल गरि एक महिनाभित्र सो सम्बन्धी विवरण यस समितिमा वुझाउन उर्जा मंत्रालयलाई निर्देशन दिने ।<br><br>तदनन्तर, समितिको अर्को बैठक पछि सूचना गरी बस्ने गरी स्थगित भयो । |
| | | | |